महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०७९/८०

## दमक नगरपालिका, झापा

## ८०११२४०४३००

## दमक नगरपालिका , झापा

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:२०८०/८१ मिति : २०८०-११-१४

च.न :

### विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।

श्री कार्यालय प्रमुख ज्यु ,
दमक नगरपालिका, झापा ,
दमक नगरपालिका , झापा

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्वन्धित कागजातपत्र र विवरण परीक्षण गरी मिति २०८०।१०।१९ मा छलफल पश्चात् तयार गरिएको प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।
कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७(१) बमोजिम ३५ दिनभित्र फछ्यौंट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्यौंट गरी सम्परिक्षण नगराएमा वा सम्परिक्षण गराई वाँकी रहेका व्यहोराहरु समावेश गरी लेखाउत्तरदायी अधिकृत/ कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

जनार्दन घिमिरे
निर्देशक

बोधार्थ तथा कार्यार्थः
सङ्घीय मामिला तथा सामान्य प्रशासन
मन्त्रालय सिँहदरबार काठमाण्डौ,
info@mofaga.gov.np
कोष तथा लेखा नियन्त्रक कार्यालय झापा,
jhapa.dtco@fcgo.gov.np

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागि ता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।८।१४ देखि २०८०।१०।१९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु. १७४८७३३९७६।२२, सम्पत्ति तथा दायित्व तर्फ रु. ० को गरी जम्मा रु.१७४८७३३९७६।२२ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तिय विवरण सम्बन्धमा**

२.१ वित्तीय प्रतिवेदन –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान(NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२)सम्बन्धमा निम्नअनुसार देखिएको छः

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

सैद्धान्तिक बेरुजु

२.२ वित्तीय विवरणको यथार्थता –

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले निम्न शिर्षकहरु सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **सि.न.** | **शिर्षक** | **बजेट** | **खर्च** |
|---|---|---|---|
| १ | सामाजिक सुरक्षा तथा सरँक्षण(३१४०१०१२३) | ३३०५३४००० | ३२७९८६२३६.६९ |

सैद्धान्तिक बेरुजु

२.३ बैङ्क हिसाब विवरण –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ ।सो बमोजिम बैँक खाता र श्रेस्ताको कारोबारको फरकलाई पुष्टी गर्ने बैँक हिसाब मिलान बिवरण(म.ले.प.फा.न.२१२) फरक देखिएन ।पालिकाले देहाय बमोजिम श्रेस्ता अनुसार अषाढ मसान्तको बैँक मौज्दात रु.२३,३८,९९,९९७.०४ देखिएकोमा सो अवधिमा बैँक अनुसार बैँक मौज्दात रु.२३,३८,९९,९९७.०४ देखिएको छ ।

| बैंकको नाम | खाता नं. | खाताको प्रकार | स्रेस्ता अनुसार बाँकी रु. | बैंक अनुसार बाँकी रु. |
|---|---|---|---|---|
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | 2140100301010000 | ग १.१, आन्तरिक राजस्व खाता | ० | ० |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | 2140100301020000 | ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | 2140100301030000 | ग १.३, आन्तरिक अनुदान खाता | ० | ० |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | 2140100302020000 | ग २.२, चालू खर्च खाता- जोर वर्ष | ० | ० |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | 2140100302040000 | ग २.४, पुँजीगत खर्च खाता- जोर वर्ष | ० | ० |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | 2140100302070000 | ग २.७, विविध खर्च खाता | १४,२२,९८,६०७.०० | १४,२२,९८,६०७.०० |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | 2140100303000000 | ग ३.१, स्थानीय तह धरौटी खाता | ३,८२,८९,०९१.०९ | ३,८२,८९,०९१.०९ |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | 2140100304010000 | ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | ४,४९,४७,६४१.४३ | ४,४९,४७,६४१.४३ |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | 2140100001978000 | ग ५.१, स्थानीय तह विविध कोष खाता | ० | २३,९८,४३०.९५ |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | 2140100305010000 | ग ५.१, स्थानीय तह विविध कोष खाता | २३,९८,४३०.९५ | |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | 2140100306010000 | ग ६.१, स्थानीय तह विभाज्य कोष खाता | ३८,२०,६९०.६० | ३८,२०,६९०.६० |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | 2140100307010000 | ग ७.१, स्थानीय तह आकस्मिक कोष खाता | २,९९,४७७.१४ | २,९९,४७७.१४ |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | 2140100307020000 | ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १८,४६,०५८.८३ | १८,४६,०५८.८३ |
| **जम्मा** | | | **२३,३८,९९,९९७.०४** | **२३,३८,९९,९९७.०४** |

सैद्धान्तिक बेरुजु

२.४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०७९।०३।१० मा रु. १ अरब ५२ करोड १७ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।१७ मा पारित भएको छ । यसै गरी स्थानीय तहका प्रमुखले मिति २०७९।०३।२७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरि सक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।


https://nams.oag.gov.np

सैद्धान्तिक बेरुजु

३ **आन्तरिक नियन्त्रण**

प्रदेश सरकार तथा स्थानीय तहको क्षमता विकास गर्ने मूलभुत उद्देश्य राखि प्रदेश सरकार, कोशी प्रदेश द्वारा प्रदेश प्रशिक्षण केन्द्र (संचालन तथा व्यवस्थापन) नियमावली, २०७७ को रुपमा कानूनी व्यवस्था गरि विधिवत रुपमा वि.सं. २०७७ असोज १८ गते यस प्रदेश प्रशिक्षण केन्द्रको स्थापना गरिएको भएता पनि हाल प्रदेश सरकारद्वारा मिति २०७९ श्रावण ३० गते प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७९ जारी गरी प्रदेश प्रशिक्षण केन्द्रलाई प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको रुपमा संचालित छ । प्रदेश सरकार तथा स्थानीय तहको क्षमता विकास तथा सशक्तिकरण गर्ने, सार्वजनिक पदाधिकारीका लागि तालीम संचालन गर्ने, प्रदेश तथा स्थानीय शासन सम्बन्धि अध्ययन एवं अनुसन्धान गरि सम्बन्धित निकायलाई परामर्श दिने यस केन्द्रको मूख्य कार्यको रुपमा रहेको छ । उपरोक्त कार्यका लागि नेपाल सरकार द्वारा साविकको स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान अन्तर्गतको भद्रपुर नगरपालिकाको वडा नं. १० कलवलगुरीमा अवस्थित ग्रामीण विकास प्रशिक्षण केन्द्र यस प्रदेश प्रशिक्षण केन्द्रलाई हस्तान्तरण गरिएको छ । नेपालको संविधानले तीन तहका शासन व्यवस्था सहकारिता, सह अस्तित्व तथा समन्वयको सिद्धान्तमा आधारित तीन तहको शासन ब्यवस्थाको परिकल्पना गरेको छ । यसै सन्दर्भमा नेपालको संघीय व्यवस्थाको सफलताका लागि तीनै तहको शासकीय संरचनाको सशक्तिकरण तथा क्षमता विकास गरिनु आवश्यक देखिएको छ । यसका साथै सेवा प्रवाहमा सुशासन अभिवृद्धि गर्नु अपरिहार्य छ । यसका लागि यस प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले प्राज्ञिक रुपमा प्रभावकारी भूमिका निर्वाह गरि आफुलाई उत्कृष्ठ सिकाई केन्द्र (Excellence Center) को विकास गर्ने लक्ष्य लिएको छ ।

सैद्धान्तिक बेरुजु

४ **आन्तरिक आय तथा राजस्वको स्थिति**

४.१ आय अनुमान –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवाशुल्क, दस्तुर वापत अनुमानित रु.५१,८५,३१,१४०.०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.३३,८०,००,७९५.८८ अर्थात अनुमान भन्दा ३४।४९ प्रतिशत घटी आय प्राप्त गरेको छ।आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्ने तर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

सैद्धान्तिक बेरुजु

४.२ कर तथा शुल्क असुली –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | ४,९५,००,०००.०० | ३,४६,३९,६६३.६३ | ६९.९८ |
| भुमि मालपोत कर | १,००,०००.०० | ४,५७५.०० | ४.५७ |
| वहाल कर | ३,००,००,०००.०० | १,२८,०७,५५३.३९ | ४२.६९ |
| घरजग्गा रजिष्टेशन दस्तुर | १६,००,००,०००.०० | ८,५०,६४,८५६.८० | ५३.१६ |
| वहाल विटौरी कर | ३५,०००.०० | ०.०० | ०० |
| अखेटोपहारमा लाग्ने कर | ५०,०००.०० | ०.०० | ०० |
| कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | १,१७,००,०००.०० | ८७,७२,३५५.०० | ७४.९७ |
| अन्य मनोरञ्जन कर | ५०,०००.०० | ०.०० | ०० |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

४.३ आन्तरिक आय –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा कुल खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| पालिकाको कुल व्यय | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| १७४८७३३९७६।२२ | १४६८३५४३८।०० | ८।३९ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त कुल खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ८।३९ प्रतिशत मात्र रहेको छ।त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आयबृद्धि गर्नेतर्फ ध्यानदिनु पर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

४.४ व्यवसाय कर –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनु पर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय कर शिर्षकमा रु.१०००।०० कर सङ्कलन गरेको देखिन्छ । पालिकाको क्षेत्र भित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर

यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

५ **खर्च बिश्लेषण**

पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु. ३४१९५१७१६।९१, राजस्व बाँडफाँड र अनुदानबाट रु.१२२९४५८३६०।९८ समेत रु.१५७१४१००७७।८९ आम्दानी भएकोमा चालु तर्फ रु.६५००७२२४०।२९ र पूँजिगत तर्फ रु.४४४९१३७६६।१९ समेत रु.१०९४९८६००६।४८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३१।२२ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.९६२४०००।०० खर्च भएको छ जुन आन्तरिक आयको २।८१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४१.३६ प्रतिशत चालु र २८.३१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **अबण्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ।पुजीगत तर्फ पालिकाले यो वर्ष रु.१००००००००।०० अबण्डा रुपमा राखी खर्च गरेको छ।बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वियन गरेको पालिका पुजीगत तर्फको योजनाका उदाहारण देहाय अनुसार छ :

| क्र सं | योजनाको नाम | बजेट / खर्च |
|---|---|---|
| १ | नगर प्रमुख बिशेष कार्यक्रम | ५०,००,००० |
| २ | नगर उप प्रमुख बिशेष कार्यक्रम | ५०,००,००० |
| जम्मा | | १,००,००,००० |

सैद्धान्तिक बेरुजु

७ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२८,८५,६८,४९८।३९ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरु योजना नबनाई खरिद कार्य गरेको देखियो।अतःपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

८ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ।पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ। (रु.हजारमा)

| क्र= सं | बजेट शिर्षक उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च(रु.हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| १ | समानिकरण अनुदान | 169105 | 23359 | 19918 | 46358 | 79468 | 40719 |
| २ | आन्तरिक स्रोत | 39814 | 16961 | 4451 | 7906 | 10415 | 7078 |
| ३ | राजस्व बाँडफाड | 65446 | 8304 | 15359 | 15130 | 26651 | 11260 |
| ४ | सँघीय सशर्त अनुदान | 100950 | - | 1664 | 13763 | 85522 | 35884 |
| ५ | सँघीय समपुरक | - | - | - | - | - | - |
| ६ | प्रदेश सशर्त अनुदान | 42654 | 389 | 11205 | 3158 | 27900 | 22876 |
| **जम्मा** | | **444913** | **53591** | **52599** | **99640** | **239070** | **121303** |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु.४४४९१३।००निकासा\खर्च भएकोमा प्रथम त्रैमासिक मा रु. ५३५९१(१२ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.५२५९९।००(११.८२ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु.९९६४०।०० (२२.३९ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरीनै चौथो त्रैमासिकमा रु.२३९०७०।००(५३.७३ प्रतिशत) र अषाढमा महिनामा रु.१२१३०३।००(२७.२६ प्रतिशत) मात्र खर्च देखिनुले चौथो त्रैमासिक र अषाढ महिनामा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन।स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

९ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३१६७४००० | २४१६५१३० | २.२ |
| २ | पूर्वाधार विकास | ६६१०५४२०२ | ३६०६७९१७९ | ३२.९४ |
| ३ | सामाजिक विकास | ५३७८५११५७५ | ४५९७६०२७५ | ४१.९८ |
| ४ | वातावरण तथा विपद् व्यबस्थापन | ४५६०४८७२ | ३४९६१००२ | ३.२० |
| ६ | कार्यसञ्चालन तथा प्रशासनिक खर्च | २४५५७६९४२ | २१५४१९४२८ | १९.६८ |
| **जम्मा** | | **१५२१७६१५९१** | **१०९४९८६००६** | **१००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये आर्थिक विकास सबैभन्दा घटी २.२ प्रतिशत र सामाजिक विकाससबै भन्दा बढी ४१.९८ प्रतिशत रहेको छ।

सैद्धान्तिक बेरुजु

१० **योजना तथा कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै, योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी साना साना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनु पर्दछ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु. १ लाख भन्दा कमको योजना | ६३ | ३५८२४७३ |
| २ | रु. १ लाख देखि २ लाख सम्मका योजना | ५५ | ९८७५५८२ |
| ३ | रु. २ लाख देखि ५ लाख सम्मका योजना | १२७ | ४८५३५०७२ |
| ४ | रु.५ लाख एक देखि १० लाख सम्मका योजना | १०४ | ८८४५६८२९ |
| ५ | १० लाख भन्दा माथीका | १०० | १०३८०२२८७३ |
| जम्मा | | ४४९ | ११८८४७२८२९ |

सैद्धान्तिक बेरुजु

११ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ।पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १९५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशाकीय अधिकृत सहित १५४ जना पदपूर्ती भएकोमा ११९ जना कर्मचारी करारमा राखेको पाइयो। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका शिक्षा अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ४१ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्यसम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवाप्रवाह प्रभावकारी बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **करारमा नियुक्ति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन ।पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु ३६८५२९० भुक्तानी गरेको पाइयो ।कार्यालयले अधिकृत छैटौ, चेनमेन, वित्तिय साक्षरता सहजकर्ता, मनोसामाजिक परामर्शकर्ता र अमिन पदको दरवन्दि नभएको पदमा प्रतिस्पर्धा समेत नगराई करारमा कर्मचारी राखी खर्च लेखेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु

| पद | तलव भत्ता रु. | कैफियत |
|---|---|---|
| अधिकृत छैटौ ३ जना | १८७४२४९ | |
| चेनमेन १ जना | ५९२८४९ | ६ बैशाखमा नियुक्ति |
| अमिन चौथौ १ जना | ३९४८२४ | ३ बैशाखमा नियुक्ति |
| वित्तिय साक्षरता सहजकर्ता १ जना | ४११६८४ | |
| मनोसामाजिक परामर्शकर्ता १ जना | ४११६८४ | |
| जम्मा | ३६८५२९० | |

| अनियमित भएको | ३६,८५,२९० |
|---|---|

१३ **कर्मचारी प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानुन तथा कार्यविधि बनाई परिषदबाट स्विकृत गरेको तर राजपत्रमा प्रकाशन नगरी रु ७०६६९६० प्रोत्साहन भत्ता खर्च लेखेको पाइयो।सवै कर्मचारीलाई १० प्रतिशतले एक मुष्ट प्रोत्साहन भत्ता भुक्तानी गरेको पाइन्छ। पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन, कार्यविधि र भत्ता भुक्तानीको मापदण्ड नबनाई खर्च लेखेको रकम अनियमित देखिएको छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१४ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्च गर्दा मितव्ययीता अवलम्बन गर्नुपर्नेमा पालिकाले रू. ४१ लाख ९८ हजार खर्च गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.१४४६९८७१२ को २.९ प्रतिशत हुन आउँछ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१५ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी ३५० व्यक्तिहरुलाई रु २००० देखी १५००० सम्मका दरले रु २४ लाख २० हजार आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. १४४६९८७१२ को करिब १.६७ प्रतिशत हुन आउँछ । पालिकाले विगत बर्षहरुमा पनि आर्थिक सहायता वितरण गरेकोमा सो को विवरण तयर गरेको पाइएन।आर्थिक सहायता वितरणको अभिलेख राखी दोहोरो नपर्ने गरि निश्चित विधि र मापदण्ड तयार गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१६ **बितरणमुखी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले विपद व्यवस्थापन कोष,राहत पुर्नस्थापना, आर्थिक सहयोग जस्ता शिर्षकबाट बितरणमुखी खर्च गरेको छ। कार्यविधि बेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ

यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । पालिकालाई बढि व्ययभार हुने वितरणमुखी खर्च नियन्त्रण गर्नुपदर्छ ।

| भौ.नं. मिति | विवरण | रकम |
|---|---|---|
| १३१६-१।१५ | मनमोहन चाडपर्व खर्च | ८९३९५७ |
| २३८-६।९ | मनमोहन सामाजिक भत्ता वितरण | ९४१८००० |
| ९३३-११।१० | जेष्ठ नागरीक सम्मान | १००००० |

सैद्धान्तिक बेरुजु

## १७ सुधारका लागि सुझाब

१७.१ कानून र सञ्चालन स्थिति– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्य विधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २९ वटा ऐन, ८ वटा नियमावली, २२ कार्य विधि तथा १ निर्देशिका र १ नम्स गरी ६२ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । पालिकाले ६२ वटा कानूनहरु निर्माण गरी सभा\कार्यपालिकाबाट स्वीकृत गरेता पनि उक्त कानूनहरु मध्ये केही कानुनहरु राजपत्रमा प्रकाशन गरेको छ। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१७.२ न्यायिक समिति–

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ । प्राप्त विवरण अनुसार गत वर्ष फस्योंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १०० र यो वर्ष १४३ मुद्दा तथा विवाद दर्ता भएकोमा १२५ वटा मात्र फस्योंट भई ११८ बाँकी रहेको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फस्योंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

१७.३ सहकारी नियमन-

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली(COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिका भित्र ९४ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली(COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१७.४ सार्वजनिक परीक्षण –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफ देहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

१७.५ बेरुजू अभिलेख

पालिकाले महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्राप्त बेरुजू प्रतिवेदनको अभिलेख देहायको मलेप फाराममा राख्नु पर्ने व्यवस्था भएकोमा राखेको नपाइएकोले आगामी दिनमा तोकिएको मलेप फारममा बेरुजू अभिलेख राखि अध्यावधिक गर्नु पर्दछ ।

• म.ले.प. फाराम नं. ८०१ बेरुजु लगत

• म.ले.प. फाराम नं. ८०२ बेरुजुको कार्यालयगत प्रतिवेदन

•म.ले.प. फाराम नं. ८०५ सम्परीक्षण गोश्वारा अभिलेख ।

सैद्धान्तिक बेरुजु

१७.६ जिन्सी –

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## १८ पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु.३९६६४०२३.०० बाँकी रहेको देखिन्छ । निम्नानुसारको म्याद ननाघेको पेश्की फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्दछ ।

| सि.नं. | पेश्की लिएको मिति | पेश्कीको विवरण | पेश्की लिनेको नाम | चालु आ.व. | |
|---|---|---|---|---|---|
| | | | | म्याद ननाघेको | म्याद नाघेको |
| **ठेकेदारको पेश्की** | | | | | |
| १ | २०७९/०५/२८ | सटर कवल निर्माण, दमक ७ | प्रविन निर्माण सेवा | ३१७७०००।०० | |
| २ | २०७९/१०/१५ | गाइड बाँध मार्ग, दमक ७ | कन्स्ट्रक्सन कर्न्सन फर्म प्रा.लि. | ११७००००।०० | |
| ३ | २०७९/१२/१७ | समपुरक कोष | नव सिर्जनशिल - बंगलामुखी जे. भी. | ५७१४८२३।०० | |
| ४ | २०८०/०१/१४ | एकता मार्ग स्तरउन्नति दमक ५ | कन्स्ट्रक्सन कर्न्सन फर्म प्रा.लि. | ४६१०००।०० | |
| ५ | २०८०/०१/२६ | Urban Development Grant अन्तर्गत मदनडागीदेखि तारावारी दिपुसम्म सडक स्तरोउन्नति गर्ने कार्य | कन्काई इन्टरनेशनल विल्डर्स प्रा.लि. | २७८००००००।०० | |
| ६ | २०८०/०२/१७ | वडा कार्यालयहरुको कम्पाउण्ड वाल निर्माण दमक-६ र अन्य वडाहरु | शुभ नवरङ्ग कन्स्ट्रक्सन | २८५००००।०० | |
| **उपभोक्ता समिति** | | | | | |
| १ | २०८०/०३/२१ | दिपेनी खो]ला वडा नं. १० | श्री दिपिनी खोला झोलुङ्गे पुल निर्माण समिति दमक १० | १०५६२००।०० | |
| **जम्मा** | | | | **३९६६४०२३।००** | |

सैद्धान्तिक बेरुजु

## १९ लेखा समितिको प्रतिवेदन

आ.व. २०७९।०८० को लेखा समितिको प्रतिवेदनमा उल्लेख गरेएका देहायका सुझावहरु समेत पालना हुनुपर्ने देखिन्छ ।

• अशक्त, असहाय, विपन्न परिवार, दिर्घरोगी, क्यान्सर, मृगौला, मुटु सम्बन्धी रोगको उपचारार्थ विरामी तथा काज कृयाका निम्ती न.पा. बाट सहायता रकम दिदै आएकोमा अवस्था हेरेर प्रकृति अनुसार एकरुपता कायम गर्ने कार्यविधि बनाई नियम संगत प्रमाणित कागजात लिएर मात्रै सहायता रकम दिने,

• नगरपालिकामा रहेका सवारी साधन एम्बुलेन्स, दमकल,जे.सी.वी ,मोटरसाईकल लगायत अन्य सवारीसाधनहरमा प्रदान गरिने ईन्धन सुविधा बापत गत बर्षको तुलनामा बढी देखिएकोले जि.पि.एस सहितको लगबुकबाट व्यवस्थित गरिनुपर्ने,

• संघीय समपुरक बिशेष योजना अन्तर्गतका आयोजनाहरु तराई मधेश समृद्धी लगायतका पूजीगत योजनाहरु ४३६ वटा रहेका मध्ये २४२ वटा आयोजना सम्झौता भई काम सम्पन्न भएको तथा ५८ वटा आयोजनाहरु सम्झौता नभएका र १३६ वटा आयोजना सम्झौता भई कार्य अधुरा रहेकोले समयमै कार्य सम्पन्न हुनुपर्ने

• वार्षिक कार्ययोजना अनुसारका कामका अतिरिक्त सुस्त श्रवण यन्त्र ५७ जनालाई वितरण गरेको प्रगतिमा समावेश गर्नुपर्ने ।

• विकास निर्माणका योजना लगायत अन्य शिर्षकमा भएका खर्चको भुक्तानी दिँदा काटिने २.५% को कन्टेनजेन्सी रकम काटिएकै शिर्षकमा निष्कृय भई बाँकी रहेने गरेकोमा अन्य प्रयोजनमा खर्च गर्न सकिने गरी कार्यविधि बनाई सदुपयोग गर्न उपर्युक्त हुने,

कृषि पकेट विकास कार्यक्रम अन्तरर्गत चैतेधान र मकै खेतिलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन भइरहेको, किसान परिचय पत्र २६१ जनालाई बितरण, हरियो मल बितरण, २० वटा समुहका १५०० घर परिवारलाई मैक छोडाउने मेशिन र स्प्रे ट्यांकी ५०% अनुदानमा बितरण गरेको र करिब ३८ विगहाको लागि माटो परीक्षण गरी कृषि चुन बितरण गरेकोमा यस्ता कार्यक्रमको दायरा फराकिलो बनाई किसान परिचय पत्र बितरण तथा बाली संरक्षण सेवा उपलब्ध गराउन थप बजेट व्यवस्था हुनुपर्ने, ।

कुकुर बन्ध्याकरण, पशु औषधी बितरण, बर्खे र ७५% अनुदानमा हिउदे घाँसको विउ , २० जनालाई माछाका भुरा, १८ थान च्यापकटर बितरण गरेकोमा हालै देखिएको नयाँ रोग लम्पीस्कीन नियन्त्रणका लागि रोग बिरुद्धको खोप लगाउने कार्य अझ विस्तार गर्नुपर्ने ।

• खाद्य परीक्षण प्रयोगशाला परीक्षणका लागि प्रयोग गरिने उपकरण तथा ल्यावका सामानहरुले भरिपूर्ण भएपनि हाल निस्कृय अवस्थामा रहेकोले सञ्चालनको व्यवस्था हुनुपर्ने ।

• दमक अस्पताल भौतिक रुपले सम्पन्न हुँदै गए पनि व्यवस्थापकिय सुधार हुन नसकेको कारण प्रभावकारी रुपमा सेवा प्रवाह हुन नसकिरहेको देखियो ।अक्सीजन प्लान्ट लगायत अपरेशन थिएटर यथाशिघ्र निर्माण गरी संचालन गर्नुपर्ने देखियो ।

• सबै वडाहरुमा संचालन हुने विभिन्न विकास निर्माणका योजनाहरु संचालन हुनु पुर्व र सम्पन्न पश्चातको अवस्था देखिने फोटोलाई अनिवार्य गराउन र योजना संचालन हुने स्थानमा आयोजनाको सम्पुर्ण विवरण खुल्ने गरी सुचना पाटी राख्ने, र

• आन्तरिक र अन्तिम लेखा परिक्षण प्रतिवेदनले औल्याएका बेरुजुहरुको फछर्यौट र सुझावहरुको कार्यान्वियन गर्न पहल गर्नुपर्ने सुझाव दिईएको छ ।

सैद्धान्तिक बेरुजु

२० **तहवृद्धि**

नेपालको संविधान २०७२ को धारा २२७ मा प्रदेश सरकारका कर्मचारी र कार्यालय सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून वमोजिम हुने व्यवस्था छ । कोशी प्रदेश सरकारले प्रदेश निजामती सेवा अध्यादेश, २०७९ को दफा १३९ को अधिकार बमोजिम कर्मचारीको तहवृद्धि निर्देशिका अनुसार २०८०।३।२० को निर्णय अनुसार प्रदेश अन्तर्गतका कर्मचारीको तह वद्धि गर्दा प्रदेश लोकसेवा आयोगको लिखित सहमति लिई देहाय बमोजिमका कर्मचारीहरुको ५वर्ष सेवा अवधि पुरा गरेको आधारमा कर्मचारीको एक तहवृद्धि गरी तलव सुविधा वृद्धि गरेको छ । निजामती सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानून वमोजिम हुने व्यवस्था रहे बमोजिम संघीय निजामती ऐन विपरित हुनेगरी देहाय बमोजिमका कर्मचारीहरुको ५वर्ष सेवा अवधि पुरा गरेको आधारमा कर्मचारीको एक तहवृद्धि गरी तलव सुविधा वृद्धि गरिएको देखिन्छ । यसरी कर्मचारी एक तहवृद्धि गरी पदस्थापन गर्दा मन्त्रालयले स्वीकृत गरेको संगठन संरचना अन्तर्गत दरवन्दी एकिन गरेको पाइएन । प्रदेशले संघीय तथा प्रदेश कानूनको अभावमा तहवृद्धि निर्देशिका बनाई तह वृद्धि तथा समायोजन गरि कर्मचारीको तलव भात्ता खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रु.

| कर्मचारीको नाम | वढ्वा भएको तह | बढुवा हुनु भन्दा अधिको पारिश्रमिक | | | बढुवा पछिको पारिश्रमिक | | | बढी तलव |
|---|---|---|---|---|---|---|---|---|
| | | तलव | ग्रेड | जम्मा | तलव | ग्रेड | जम्मा | |
| योगेशभट्टराई | अधिकृतसातौ | 43689 | 4368 | 48057 | 45851 | 4584 | 50435 | 2378 |
| प्रबिणखड्का | अधिकृतसातौ | 43689 | 4368 | 48057 | 45851 | 4584 | 50435 | 2378 |
| कल्पनाराई शर्मा | सहायक पाचौ | 32902 | 8776 | 41678 | 34730 | 8106 | 42836 | 1158 |
| सन्दीपसुवेदी | सहायक पाचौ | 32902 | 6582 | 39484 | 34730 | 5790 | 40520 | 1036 |

संघीय निजामती ऐन लागू भई जारी नभईसकेको अवस्थामा साविक ऐन बमोजिम नियूक्ति र बढूवा गर्दा प्रदेश निजामती सेवा अध्यादेश, २०७९ र कर्मचारीको तहवृद्धि निर्देशिका जारी हुनु पुर्वको भूतप्राभी कानूनको आधारमा कानून बन्नु भन्दा अधिको मिति उल्लेख गरी

ज्येष्ठता कायम हुने मिति लागू गरेको सम्वन्धमा स्पष्ट हुनुपर्दछ ।

| | |
|---|---|
| अनियमित भएको | ६,९५० |

२१ **भुक्तानी बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु. १,१७,२२,८९७- भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२२ **करार कर्मचारीलाई संचयकोष थप**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन संचालन व्यवस्थापनाका शर्त तथा सुबिधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने व्यवस्था छ । नगरपलिकाले कर्मचारीको सेवाको शर्त तथा सुविधा सम्बन्धि कानून नवनाई करार कर्मचारीको मासिक तलबबाट आधार भूत तलबमानको १० प्रतिशत बराबरको रकम मासिक कट्टि गरी सोहि बराबरको रकम थप गरी कर्मचारी संचयकोष जम्मा गरेको पाइयो। यो वर्ष करार तर्फको ८० जना कर्मचारीको लागि संचयकोष थप बापत रु २७६२९१४ खर्च गरेको छ ।यस वेरुजुका सम्बन्धमा गत विगतमा समेत बेरुजु औल्यइएकोमा कार्यालयले सुधार गरेको पाइएन। कानून निर्माण नगरी थप व्ययभार पारेको असुल हुनु पर्ने रु

| | |
|---|---|
| अनियमित भएको | २७,६२,९१४ |

२३ **करारको कर्मचारीलाई महगी भत्ता**

नेपाल सरकार अर्थमन्त्रालयको मिति २०७९।१।२१ को परिपत्र अनुसार करारको कर्मचारीलाई महगी भत्ता नदिने उल्लेख छ । कार्यालयले ८० जना कर्मचारीलाई बर्ष भरी रु १९२०००० महगी भत्ता भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु १९२००००

| | |
|---|---|
| अनियमित भएको | १९,२०,००० |

२४ **कानूनी सल्लाहकार**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन, २०७५ मा पदाधिकारीहरूको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।११।२५ को परिपत्र अनुसार मापदण्ड बनाई यस्तो खर्च लेख्ने उल्लेख गरे तापनि सो अनुसार मापदण्ड बनाएको देखिएन ।पालिकाले यस वर्ष १ जना कानूनी सल्लाहकार नियुक्त गरी मासिक रु३२९०२ का दरले महगी भत्ता र १० प्रतिशत प्रोत्साहन भत्ता समेत ६ महिनाको रु २२९१५३ पारिश्रमिक भुक्तानी दिएको छ । सल्लाहकार नियुक्ति गर्दा स्पष्ट कार्य विवरण तयार गरी सोको मुल्याङ्कनको आधारमा भुक्तानी दिने व्यवस्था गर्नुपर्ने देखिन्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२५ **मेयर उपमेयर कार्यक्रम**

पालिकाले यस बर्ष मेयर उपमेयर कार्यक्रममा रु २५।२५ लाखको दरले रु ५० लाख खर्च लेखेको पाइयो ।पालिकाले यस शिर्षकबाट आर्थिक सहायता, विविध खर्च, मसलन्द तथा कार्यालय सामान, दैनिक भ्रमण भत्ता लगायतका खर्च लेखेको पाइयो ।योजना र कार्यक्रममा खर्च गर्नु पर्ने रकम वितरण मुखी कार्यक्रमा खर्च भएको पाइयो । फजुल खर्चलाई नियन्त्रण गरी विकास योजनामा खर्च गर्नु पर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२६ **संचालन खर्च**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३ (६) मा प्रमुख प्रशासकीय बजेट खर्च गर्दा नियमितत, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यका आधारमा गर्नुपर्ने व्यवस्था छ। विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, स्टेसनरी, मर्मत, गोष्ठी जस्ता क्रियाकलापमा बढी केन्दीत भइ खर्च गरेको पाइयो । संचालन खर्चमा न्यूनिकरण गरी मितव्ययीता कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२७ **इन्धन खर्च**

सार्वजनिक खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा ७.१.१६ मा ३० जनासम्म कर्मचारी दरबन्दी रहेको कार्यालयमा मासिक १०० लिटर डिजेल र ७५ लिटर पेट्रोल तथा प्रति मोटरसाईकल १० लिटर पेट्रोल खर्च लेखे व्यवस्था छ। सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने सरकारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । यस वर्ष पालिकाले उल्लेखित व्यवस्थाको पालना नगरी जेसीवी, डोजर, दमकल, ट्याक्टर, ट्रिपर, हायस समेत १५ वटा सवारी साधन र १२ वटा मोटरसाइकल प्रयोग गरी पदाधिकारी इन्धन तर्फ रु.२६००००० र कार्यलय प्रयोजन इन्धन शिर्षकबाट रु.६०६७०२० खर्च गरेको छ। कार्यालयले इन्धन मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धनमा भएको खर्चको वास्तविकता एकिन गरी असुल फछ्यौट गर्नुपर्दछ । अतः इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगबुक राखेर मात्र खर्च लेखे तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२८ **सम्झौता बमोजिम असुल नभएको**

आय व्यवस्थापन - प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी नीति, कानुन, मापदण्ड तथा नियमन र सोको सङ्कलन तथा बाँडफाँडको लागि कार्यविधि बनाउने र कानुनबमोजिम ढुङ्गा, गिट्टी, बालुवा, माटो, नुन, स्लेट जस्ता खानी खनिज पदार्थको सर्वेक्षण, अन्वेषण, उत्खनन् र सो सम्बन्धी रोयल्टी सङ्कलनलाई कार्यविधि बनाई व्यवस्थित गरिने व्यहोरा स्थानीय तहहरुले बजेटमा उल्लेख गरेकोमा सो अनुसार कार्यविधि बनाई प्रतिस्पर्धात्मक तरिकाले राजस्व सङ्कलन गरेको छैन । नगरपालिकाबाट रतुवा र मावा खोला प्याकेज १ मा निर्माण व्यवसायीले ६६५०० घनफिट परिमाणको कबोल गरेको रु १२७३७०७९।०० मा सम्झौता गरेको छ। सम्झौताका बखत पहिलो किस्ता रु ४२४५६९३।०० जम्मा गरी बाँकी २ किस्तामा दाखिला गर्नेगरी सम्झौता गरेकोमा सम्झौताको शर्त विपरीत २०७९।११।२९ तोकिएको समयमा रकम दाखिला नगरेकोले मूल्य अभिवृद्धि कर समेत २ किस्ताको रु ८४९१३८६।०० र सोको १० प्रतिशत व्याज समेत रु ९३४०५२४।६० असुल गर्न पत्राचार गरे तापनि सो रकम असुल भएको देखिएन । पालिकाले बैक जमानत जफ्त गरी दाखिला गर्न बैकलाई पत्राचार गरेकोमा अदालतको आदेश अनुसार रोक्का गरी दाखिला नभएको जनाएको छ । समयमा बैक जमानत जफ्त गरी पालिकालाई सहयोग नगर्ने बैकलाई समेत कारवाहीको दायरामा ल्याउनु पर्दछ । उच्च अदालतको फैसला बमोजिम उक्त सप्लायर्सबाट कबोल अङ्कको १० प्रतिशतले हुने जरिवाना समेत उक्त रकम रु ९३४०५२४।६० सम्बन्धितबाट असुल गरी स्थानीय सञ्चित कोष दाखिला गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९३,४०,५२४ |

२९ **लागत अनुमान**

नदिजन्य पदार्थको शुल्क निर्धारण गरी वातावरणीय प्रभाव मुल्याङ्कनमा समेत सोही दरका आधारमा लागत कायम गरेको देखिन्छ । तथापी पालिकाले नदिजन्य पदार्थको उल्लेखित ठेक्काको लागि लागत अनुमान तयार गर्दा ३ नदी मध्ये मावा खोला प्याकेज १ र २ मा दर तथा रकम फरक नपरेको तर रतुवा नदिको रु १४७५१३६।०० न्युन रकमको लागत अनुमान तयार गरी ठेक्का वन्दोवस्त गरेको देखिन्छ । लागत अनुमान गणना गर्दा गलत गणना गरी आईई प्रतिवेदन पेश गर्ने परामर्शदातालाई जिम्मेवार वनाउनु पर्दछ । पालिकाले एकमुष्ठ ठेक्का वन्दोवस्त गरेका ३ नदी मध्ये १ रतुवा नदिमा विक्री शुल्कमा रु १४७५१३६।०० तथा सोको मुल्यअभिवृद्धि कर वापत

रू.१९१७६७।६८ समेत रु.१६६६९०३।६८ न्युन हुने गरी लागत अनुमान तयार गरी ठेक्का आव्हान गरेको नियमसम्मत नदेखिएकोले सम्वन्धितलाई जिम्मेवार वनाउनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३० **सडक पूर्वाधार दस्तुर**

सडक पूर्वाधार दस्तुर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा विभिन्न कर तथा शुल्क लगाउने र बक्यौता रकम असुली गर्ने व्यवस्था छ । गत वर्ष देखि लिईदै आएको सडक पूर्वाधार दस्तुर आय ठेक्का नै नगरी संकलन नगर्ने निर्णय गरेको देखियो । सडक पूर्वाधार दस्तुरबाट प्राप्त हुनुपर्ने आय क्षेत्र तथा दायरा बढाई प्रतिस्पर्धात्मक विधिबाट ठेक्का लगाई आन्तरिक आय वृद्धि गर्नुपर्नेमा छुट गर्ने निर्णय गर्नु स्थानीय सरकार सञ्चालन ऐन, २०७४ विपरीत देखिएकोले सम्वन्धितलाई जिम्मेवार बनाउनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३१ **कृषि तथा पशु जन्य बस्तु व्यवसायी कर**

३१.१ कृषि तथा पशु जन्य बस्तु व्यवसायी कर असुल गर्न जे एण्ड जे निर्माण सेवासँग रू.१३३१८९३२।५८ मू अ कर समेत को ठेक्का सम्झौता गरेको छ। सम्झौता अनुसार प्रथम किस्ता बापत हुने रू.३४ लाख ३९ हजार मात्र बुझाएकोले बाँकी किस्ता बापत हुने रू. ४४३९६४५।०० मिति २०८०।३।१५ मा असूल गरेकोमा सुचनामा उल्लेखित शर्त बमोजिम ढिला किस्ता दाखिला गरेमा १० प्रतिशतले हुने जरिबाना रू. ४४३९६४।५० असुल गरेको नदेखिएकोले असुल हुनुपर्दछ। रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,४३,९६४ |

३१.२ अग्रिम आयकर

संझौता अनुसार निज व्यवसायीले पौष मसान्त भित्र दाखिला गर्नुपर्ने रकममा पहिलो किस्ता र आयकर तथा मुल्य अभिबृद्धि कर संझौता बखत नै दाखिला गर्नु पर्नेमा मु अ करसमेत रु ४४३९६४५।०० मिति २०८०।३।१५ सम्ममा दाखिला गरेको तथा अग्रिम आयकर रु १,७६,८००। करदाता आफैले दाखिला गर्नु पर्नेमा दाखिला भएको प्रमाण पेश नभएको रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७६,८०० |

३२ **हर्जना**

रतुवा खोलाको ढुङ्गा, गिट्टी, बालुवा र ग्राभेल उत्खनन् रनेता निर्माण सेवासँग रू.१०९९२८००।०० को ठेक्का सम्झौता गरेको छ। दमक नगरपालिका, झापाले दमक र कमल पालिकाको सिमानामा रहेको रतुवा खोलामा, ७२८०० घन फिट नदीजन्य पदार्थ उत्खननको लागि रनेता निर्माण सेवासँग रू.१०९९२८००।००को सम्झौता गरेको छ। सम्झौता अनुसार ठेक्का रकम ३ किस्तामा दाखिला गर्नुपर्ने र तोकिएको अवधिमा दाखिला गर्न नसकेमा प्रतिदिन ०।०५ प्रतिशतले हुने हर्जना रकम बुझाउनुपर्ने गरी सुचना प्रकाशन भएकोमा निज व्यवसायीले दोस्रो किस्ता र तश्रो किस्ता मू अ कर समेत रू.६५०००००।०० २०७९ फाल्गुन मसान्तभित्र दाखिला गर्नुपर्नेमा २०८०।२।२३ मा मात्र बैक जमानत जफत गरी दाखिला गरेको पाईयो। सम्झौता रकमको ०।०५ प्रतिशतले हुने ८५ दिनको हर्जना रू.४१३४४६।०० असुल गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,१३,४०६ |

३३ **छात्रवृति वितरण कार्यक्रम**

कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७९।८० को क्रियाकलाप नं २.८.४ माउल्लेखित आवासीय एवम् गैर आवासीय छात्रवृति प्राप्त गर्ने सङ्ख्या यकिन गरी तोकिएको दरअनुसार शीर्षक खोली स्थानीय तहमा बजेट माग गर्ने तथा छात्रवृति अनुदान प्राप्त विद्यालयकोविव्यसले स्थानीय तहको निर्देशन एवम् आधारहरुलाई ध्यानमा राखी शिक्षक, शिक्षक अभिभावकसङ्घ समेतको सहभागितामा विद्यालयमा उपलब्ध अनुदान(छात्रवृति) मध्येबाट विद्यालयव्यवस्थापन समितिले थप आधारहरु तय गरी छात्रवृति पाउने छात्रछात्राहरुको नामवालीसहितकोविवरण अधावधिक गर्ने तथा सो नामावली विद्यालयको सूचना पाटीमा अनिवार्य रुपमा टाँस्नलगाई सोही अनुरुप छात्रवृति वितरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ नं ८६/०७९/११/१७ वाट रु २५०८८००।०० रकम छात्रवृतिका लागि २१ विद्यालयको नाममा निकासा पठाएको छ। पालिकाबाट प्रभावकारी ढंगले अनुगमन गरी सम्बन्धित विद्यार्थीहरुले तोकिएकोछात्रवृति पाए नपाएको यकिन गर्नुपर्छ।

| सैद्धान्तिक बेरुजु |
|---|

३४ **निशुल्क पाठ्यपुस्तक**

कक्षागत र विषयगत पाठ्यपुस्तकको सङ्ख्या यकिन गर्ने तथा विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थाका लागि कक्षा ११-१२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० कालागि तेस्रो त्रैमासिक भित्र अनुदान दिने व्यवस्था छ । साथै यसरी अनुदान दिँदा पहिलो पटकमाविद्यार्थी सङ्ख्याको ७५ प्रतिशत लाई मात्र अनुदान दिने तथा शैक्षिक सत्रमा भएको नयाँविद्यालय भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरीनपुग हुने रकम मात्र दोश्रो पटक अनुदान दिने व्यवस्था छ । पालिकाले पहिलो पटक निकासा रु ४७००२७९ ।०० विभिन्न २१ विद्यालयको नाममा पठाएको छ । दोस्रो पटक निकासा गर्दा शैक्षिक सत्रमा भएको नयाँविद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको भरपाईको आधारमा यकिन गरेरमात्र निकासा दिनु पर्नेमा यकिननै नगरी विद्यालयहरुको नाममा पाठ्यपुस्तकको लागि निकासागरिएको रु १०५९३०३।०० बमोजिमको पाठ्यपुस्तक खरिद गरी IEMIS प्रणालीमा व्यवस्थितविद्यार्थीहरुलाई वितरण गरे नगरेको सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन गरिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३५ **कार्य सम्पन्न प्रतिवेदन**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।०८० को क्रियाकलाप नं २.७.१३.१३ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान उपलध गराउने व्यवस्था गरेको छ। नगरपालिकाले१९४/२०८०/३/२० वाट यस वर्ष हिमालय नमुना माध्यमिक विद्यालयलाइ रु ३००००००।०० कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान उपलब्ध गराइएकोमा विद्यालयबाट सम्झौता अनुसारको लागत अनुमान बनाई विलभरपाई सहित कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने रु

| प्रमाण पेश नगरेको | ३०,००,००० |
|---|---|

३६ **विद्यालय अनुगमन**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभुत तथा माध्यमिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा वौकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धि नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको वजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धि व्यवस्था गरेको छ । पालिकाले विद्यालयको अनुगमन सम्बन्धि मापदण्ड निर्धारण गरेको छैन र आफ्नो मादहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, आधारभुत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरेको देखिएन । कार्यालयले अनुगमन सम्बन्धि निश्चित मापदण्ड तयार गरी आफ्नो अधिकार क्षेत्रभित्र पर्ने शिक्षण संस्थाहरुको शिक्षण सिकाइ प्रभावकारी वनाउन तथा शैक्षिक गुणस्तर बृद्धि गर्न नियमित अनुगमन र सुपरिवेक्षणको व्यवस्थापन गर्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३७ **लघु उद्यम कार्यक्रम**

गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ अनुसार सम्भाव्य उद्यमीहरुलाई २० देखि २५ जनाको लक्षित समुह छनौट गरी तालिम सञ्चालन गर्नुपर्दछ । सोही निर्देशिकाको दफा ३९ मा विभिन्न लघु उद्यम विकास तालिम सञ्चालन गर्दा तालिमबाट उत्पादित सामान वा वस्तुको व्यवस्थित अभिलेख राखी सो वस्तु प्रशिक्षण अवधी भित्रै परल मुल्यको ५० प्रतिशत छुट मुल्यमा सहभागीलाई नै बिक्री गरी लागत सहभागीतालाई प्राथमिकता दिनुपर्नेमा व्यवस्था गरेको छ । पालिकाले यस कार्यक्रम अन्तर्गत बिभन्न गोश्वरा भौचरबाट रु १९२९०१६।०० खर्च गरी लघु उद्यम सिप विकास अन्तर्गत सिलाइ कटाई तालिम, ब्युटिसियन तालिम, ढाकाबुनाई लगायतका तालिम र प्रविधि हस्तान्तरण अन्तरगत सिलाई मेशिन वितरण गरिएकको छ ।साथै लघु उद्यम विकास कार्यक्रम अन्तर्गत आधारभुत र स्तरउन्नति तालिम तथा प्रविधि हस्तान्तरण सुविधा लिइरहेका उद्यमीहरुले स्वरोजगार श्रृजना गरी सिपलाइ उपयोग गरे नगरेका सम्बन्धमा कार्यालयबाट अनुगमन र समिक्षा गरिनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३८ **सेनिटरी प्याड**

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको सेनिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा सेनिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ३२६८ जना रहेका छन। पालिकाले ३९००८ थान सेनिटरी प्याड रु.२९५३२९८ (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ।खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३९ **शिक्षण शिकाई अनुदान**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।०८० को क्रियाकलाप नं २.७.१३.४१ आधारभुत तह कक्षा (६-८) सञ्चालित विद्यालयमा अङग्रेजी,गणित र विज्ञान जस्ता अनिवार्य विषयमा शिक्षक व्यवस्था गरी विद्यार्थी सिकाई उपलब्धी वृर्दि गर्न शिक्षण सहयोग अनुदानको व्यवस्था गरिएको छ।यस क्रियाकलापमा बजेट विनियोजन गर्दा प्रति शिक्षक मासिक रु ३०२०० का दरले १२ महिनाको पारिश्रमिक अनुदान दिने व्यवस्था रहेको छ।तर पालिकाले प्रति शिक्षक मासिक रु ३४७३० का दरले निम्न विद्यालयलाई बढि भुक्तानी दिएकोले बढी भुक्तानी भएको रकम असुल हुनु पर्ने रु

| गौ भौ नं /मिति | विद्यालयको नाम | भुक्तानी हुनुपर्ने रकम | भुक्तानी भएको रमम | बढी भुक्तानी रकम |
|---|---|---|---|---|
| १३९/२०८०/२/७ | पशुपति आधारभुत विद्यालय | ३६२४०० | ४१६७६० | ५४३६० |
| १३९/२०८०/२/७ | महालक्ष्मी आधारभुत विद्यालय | ३६२४०० | ४१६७६० | ५४३६० |
| | | | जम्मा | रु १०८७२० |

| असुल गर्नुपर्ने | १,०८,७२० |
|---|---|

४० **बढी तलव निकासा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) जिम्मेवार व्यक्तिले सरकारी रकमकोखर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रित पुगेनपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।पालिकाले देहायका विद्यालयहरुको शिक्षक अवकाश तथा राजिनामा दिएको मिति पश्चात तलव निकासा भएकोले उक्त रकम असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| विद्यालयको नाम | शिक्षकको नाम | बढी भुक्तानी रकम (रु) | कैफियत |
|---|---|---|---|
| पशुपति संस्कृति माध्यमिक विद्यालय | देवी कुमारी रिजाल | ४५८३ | मिति २०७९।०६।२७ देखि अनिवार्य अवकाश भएकोमा असोज महिनाको पुरै भुक्तानी भएको । |
| पृथ्वी मावि दमक | डम्बर बहादुर राई | ५०७९ | मिति २०७९।०८।४ देखि अनिवार्य अवकाश भएकोमा ०७९/०८/७ सम्मको भुक्तानी भएको । |
| पशुपति संस्कृति माध्यमिक विद्यालय | गोपाल बहादुर दाहाल | १६९३१ | मिति २०७९।१२।२० देखि लागु हुने गरी राजनामा स्विकृत भएको। |
| | जम्मा | २६५९३ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २६,५९३ |

४१ **शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रम**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।पालिकाले २८/२०७९/१०/२० वाट सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रम अन्तर्गत निम्न विद्यालयहरुमा निकासा भएको रकमको विलभरपाई पेश नभएकोले खर्चको पुष्टाई सहितको विलभरपाई पेश गर्नु पर्ने रु

| विद्यालयको नाम | निकासा रकम |
|---|---|
| सरस्वति मा वि दमक | १०५००० |
| हिमालय मा वि दमक | १०५००० |
| तारावारी मा वि दमक | ८५००० |
| सगरमाथा प्रावि दमक | ८०००० |
| जम्मा | ३७५००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,७५,००० |

४२ **कक्षा ८ को परीक्षा संचालन खर्च**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० अनुसार राष्ट्रिय परीक्षा बोर्डबाट विकास गरीएको कक्षा ८ को परीक्षा सञ्चालनसम्बन्धी मार्गदर्शन समेतका आधारमा परीक्षा संचालन गर्न प्रति विद्यार्थी रु. २७५ का दरले भुक्तानी दिने उल्लेख छ । IEMIS तथ्यांक अनुसार

नगरपालिकामा अध्ययनरत कक्षा ८ को विद्यार्थी संख्या ९०२ जना भएको र उक्त संख्याको आधारमा परीक्षा संचालन खर्च रु. २४८०५०।०० हुनु पर्नेमा रु.३३८८८३।०० भुक्तानी भएकोले वढी भएको परीक्षा संचालन खर्च अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९०,८३३ |

४३ **दिवा खाजा कार्यक्रम**

**दिवा खाजा कार्यक्रम**

**दिवा खाजाः**कार्यक्रम कार्यान्विन पुस्तिका २०७९/८० अनुसार स्थानीय तहले विद्यालयमा प्रत्यक्ष कक्षा संचालनमा रहेका दिनका लागि मात्र सामुदायिक विद्यालयमा प्रारम्भिक वाल विकास कक्षा देखि कक्षा ६ सम्म अध्ययनरत वालबालिकाहरुका विद्यार्थीहरुको दैनिक हाजिर पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विव्यास अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या एकिन भए पश्चातदैनिक रु १६ का दरले निकासा दिने व्यवस्था छ । विद्यालयहरुबाट प्राप्त कागजातको परीक्षण गर्दा दिवा खाजा प्रयोजनका लागि विद्यालयले पेश गरेको विवरणमा निम्न विद्यालयहरु सम्पूर्ण विद्यार्थी उपस्थित/हाजिरी विवरण देखिएको हाजिरी भिडान गरेको देखिएन । विद्यालयको सबै विद्यार्थीलाई एकमुष्ठ १८० दिनको रकम निकासा गरेकोले हाजिरी विवरणको प्रतिलिपी सहित खर्च रकम एकिन गर्नुपर्ने रु.

| विद्यालयको नाम | भुक्तानी रकम |
|---|---|
| ढुकुरपानी मा वि दमक | १०६०३६५ |
| तारावारी आधारभुत विद्यालय | ३५७३५१ |
| जनता आधारभुत विद्यालय | ८३२३७५ |
| जम्मा | २२५००९१ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २२,५०,०९१ |

४४ **शिक्षक दरबन्दी र पदपुर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २१ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ।

| विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपुर्ति | पदपुर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|
| विभिन्न २१ विद्यालय | २७८ | २७८ | ४३ | १११८२ |
| | | | | |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४५ **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०७9।80 को क्रियाकलाप नं. २.७.१३.१३ मा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान विद्यालयलाई निकासा गरेपछि निर्धारित मापदण्ड र प्रकृया अनुरुप कार्यान्वियन गरेन गरेको नियमित रुपमा अनुगमन गरी सोको प्रतिवेदन शिक्षा तथा मानव श्रोत विकास केन्द्रमा पनि एक प्रति पठाउनुपर्ने व्यवस्था छ । गो.भौ.नं ९३/०७९/१२/१ वाटपालिकाले देहायका विद्यालयहरुलाई अनुदान निकासा गरेपछि निर्धारित

मापदण्ड र प्रकृया अनुरुप कार्यान्वियन भए नभएको सम्बन्धमा अनुगमन गरेको पाइएन । अनुगमन गरी खरिद भएका जिन्सी सामानको दाखिला तथा अनुगमन प्रतिवेदन प्रतिवेदन पेश गर्नुपर्ने रु.

| क्र.स. | विद्यालयको नाम | विवरण | निकासा रकम |
|---|---|---|---|
| १ | जनता आवि दमक | ई -लाईबेरी | ६५०००० |
| २ | ढुकुरपानी मावि दमक | ई -लाईबेरी | ६५०००० |
| ३ | भृकुटी मावि दमक | विज्ञान प्रयोगशाला | ६५०००० |
| | | जम्मा | १९५०००० |
| | | | |

| प्रमाण पेश नगरेको | १९,५०,००० |
|---|---|

४६ **औषधी खरिद**

४६.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ (१) सार्वजनिक निकायले आपूर्ति गरिएका मालसमान सम्झौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ। पालिकाले आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि पटक पटक गरी सोझै रु १९२५८७०।०० को औषधि खरिद गरेको छ। यसरी खरिद गरिएको औषधि कार्यालयबाट तोकीएको स्पेसिफिकेशन र गुणस्तर अनुसारकै भए नभएको सम्बन्धमा सम्बन्धित क्षेत्रको विज्ञ टोलीबाट निरीक्षण गराइ प्रतिवेदन समावेश गर्नु पर्नेमा गरेको देखिएन । साथै खरिद गरिएका औषधिमा निशुल्क वितरणको लागि उल्लेख भएको लोगो राख्नु पर्ने र पालिका वा अन्य निकायबाट प्राप्त भएको औषधिको आम्दानी खर्चको अभिलेख व्यवस्थित राख्ने तर्फ ध्यान दिनु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

४६.२ यस कार्यालयबाट खरिद भएका५ प्रकारका औषधिको प्राप्ती, उपयोग र मौज्दातको स्थितिको परीक्षण गर्दा देखिएको व्यहोरा देहायबमोजिम रहेको छ ।

| औषधिको नाम | पालिकाबाट खरिद | स्वास्थ्य कार्यालयबा प्राप्त | जम्मा आम्दानी | खर्च | बाँकी मौज्दात |
|---|---|---|---|---|---|
| albendazole | २००० | १३०००० | १३२००० | १२९८०० | २२०० |
| Oral rehydration solutions | १५००० | ३००० | १८००० | ३००० | १५००० |
| Aluminium hydroxide 250mg, magnesium sulphate | १००००० | ० | १००००० | ७२४०० | २७६०० |
| amoxycillin | १५००० | १५०० | १६५०० | १२००० | ४५०० |
| azithromycin | १०००० | १००० | ११००० | ४५०० | ६५०० |

औषधिको मौज्दात प्रणाली स्तरीय हुन सो को प्राप्ती र निकासा विच सन्तुलन कायम रहनु पर्दछ । Authorized stock level, Emergency order point औषधि प्राप्त हुने समय, Load time maximum consumption आइटम, Minimum Consumption आइटमको आधारमा खरिद प्राप्ति एवं मौज्दात अवस्थाको निर्धारण गर्नुपर्नेमा गरेको छैन । आवश्यकताको आधारमा खरिद र प्राप्ति प्रकृया निर्धारण नगरेको हुँदा मौज्दातको अवस्था अधिकतम रुपले त्रुटि एवं बढी समेत देखिन सक्छ । साथै मौज्दातमा अधिक औषधि

रहँदा म्याद समाप्त हुन सक्ने र सेवा प्रवाहमा असर हुने सम्भावना रहेकोले औषधिको माग पहिचान गरी खरिद र खर्च विच सन्तुलन कायम गर्न पर्दछ भने Pushing system लाई निरुत्साहित गरी जनतालाई निशुल्क स्वास्थ्य सेवा पुर्‍याउने तर्फ ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

४७ **नगर अस्पतालको औषधीको म्याद**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ (१) अनुसार कार्यालय प्रमुखले लगत खडागरि अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी सामानको मौजुदा अवस्थाको सम्वन्धमा बर्षमा कम्तीमा एक पटक आफै वा त्यस्तो मालसमान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा ३ सदस्यीय समिति गठन गरि सो समिति वा जिन्सी निरिक्षण गरि गराई प्रतिवेदन लिनु पर्ने व्यवस्था छ । अस्पतालको ल्याब तथा सर्जिकल सामानतर्फको जिन्सी निरीक्षण प्रतिवेदन पेश भएन । औषधी तर्फको पेश भएको मौज्दात विवरण अनुसार देहाय बमोजिमका ९७ प्रकारका रु ८७३२५३।२४ रकम बरावरको औषधीको म्याद समाप्त भएको पाईयो । औषधी खरिद गर्दा १८ महिना म्याद रहि आवश्यक्ताका आधारमा मात्र औषधी खरिद गर्नुपर्नेमा म्याद समाप्त हुने गरी रु ८७३२५३।२४ अत्यधिक औषधी खरिदगरी थप व्ययभार पारेको देखिएको रु

| SN | Item Name | At Stock | Exp Date | Rate(SP) | Value(SP) |
|---|---|---|---|---|---|
| 1 | ALPINE-LH | 2000 | 2020/10 | 8.00 | 16000.00 |
| 2 | AMIKATIL 500MG INJ | 508 | 2023/06 | 144.80 | 73558.40 |
| 4 | AMLOSOIRE-10MG TABLET | 427 | 2023/01 | 8.00 | 3416.00 |
| 5 | AMX-CV 228.5/5ML DRY SYRUP | 1 | 2023/12 | 180.00 | 180.00 |
| 6 | ARNIMS 100MG TAB | 3102 | 2022/10 | 3.00 | 9306.00 |
| 7 | ARTIMAZOLE MOUTH PAINT | 7 | 2021/10 | 130.00 | 910.00 |
| 8 | ARYADINE 100ML GARGLE | 22 | 2021/10 | 130.00 | 2860.00 |
| 9 | ARYADINE OINTMENT | 126 | 2022/02 | 95.00 | 11970.00 |
| 10 | AZITHRO-200 SUSPENSION | 1088 | 2020/12 | 70.00 | 76160.00 |
| 11 | BILIN-500MG TAB | 209 | 2020/12 | 12.00 | 2508.00 |
| 12 | BILIN-500MG TAB | 470 | 2021/05 | 12.00 | 5640.00 |
| 13 | CAFCET | 126 | 2020/05 | 4.00 | 504.00 |
| 14 | CARCA 12.5MG TABLET | 95 | 2023/06 | 14.40 | 1368.00 |
| 15 | CEFDOX CV-200 TABLET | 3 | 2023/08 | 55.00 | 165.00 |
| 16 | CEFOT 1GM INJECTION | 61 | 2023/07 | 60.00 | 3660.00 |
| 17 | CHOICE 1500MCG TABLET | 18 | 2021/09 | 80.00 | 1440.00 |
| 18 | CINAR 25MG TAB | 3000 | 2022/08 | 6.00 | 18000.00 |
| 19 | DERMOL EAR DROP | 74 | 2021/08 | 55.00 | 4070.00 |
| 20 | DETRY-75MG TAB | 1050 | 2020/10 | 7.00 | 7350.00 |
| 21 | DETRY-75MG TAB | 1129 | 2021/11 | 7.00 | 7903.00 |
| 22 | DETRY-75MG TAB | 60 | 2022/03 | 7.00 | 420.00 |
| 23 | DEX-10% INJ | 5 | 2022/05 | 88.00 | 440.00 |
| 24 | DEX-25% INJ | 10 | 2021/01 | 30.00 | 300.00 |
| 25 | DONEPEZ-10 ODT | 325 | 2020/10 | 18.50 | 6012.50 |
| 26 | DONEPEZ-5 ODT | 320 | 2020/05 | 12.50 | 4000.00 |
| 27 | DYSPAM-80 | 208 | 2021/01 | 6.00 | 1248.00 |
| 28 | F-CLOX 90ML D/S | 53 | 2020/07 | 200.00 | 10600.00 |
| 29 | FIDIC 10GM CREAM | 100 | 2022/03 | 75.00 | 7500.00 |
| 39 | FUBIOTIC CREAM | 9 | 2023/02 | 110.00 | 990.00 |
| 40 | GABAPEX-100MG CAP | 328 | 2022/08 | 6.00 | 1968.00 |
| 41 | HUMINSULIN R 10ML | 15 | 2020/09 | 236.64 | 3549.60 |
| 42 | INSUGLIP M-850MG TAB | 1140 | 2021/11 | 24.00 | 27360.00 |
| 43 | MAXICEF 1000MG INJECTION | 7 | 2022/07 | 500.00 | 3500.00 |
| 44 | MERIXIM 500MG INJECTION | 1 | 2023/05 | 702.22 | 702.22 |
| 45 | MONOTRATE 20MG TABLET | 95 | 2023/05 | 5.75 | 546.25 |
| 46 | NB ALOGLOW 30+ GEL | 10 | 2022/01 | 456.00 | 4560.00 |
| 47 | NB ALOGLOW 30+ GEL | 19 | 2022/01 | 456.00 | 8664.00 |
| 48 | NB CALIVERA 50G LOTION | 20 | 2022/07 | 100.00 | 2000.00 |
| 49 | NB CLORAM L 10ML EAR DROP | 37 | 2022/07 | 50.00 | 1850.00 |

| | | | | | |
|---|---|---|---|---|---|
| 50 | NB DEEVIT 15GM OINTMENT | 2 | 2022/12 | 350.00 | 700.00 |
| 51 | NB DEZACOR-30 | 300 | 2021/10 | 84.20 | 25260.00 |
| 52 | NB DEZACOR-6 | 201 | 2022/09 | 18.40 | 3698.40 |
| 53 | NB DUTRIDE 0.5MG TABLET | 370 | 2022/01 | 22.00 | 8140.00 |
| 54 | NB ENSURE-V VEGINAL JELLY | 19 | 2022/05 | 155.00 | 2945.00 |
| 55 | NB FILL-FOOT CREAM | 9 | 2022/01 | 240.00 | 2160.00 |
| 56 | NB FILL-FOOT CREAM | 20 | 2022/02 | 240.00 | 4800.00 |
| 57 | NB HYDROGEN PEROXIDE SOLUTION | 12 | 2022/08 | 45.00 | 540.00 |
| 58 | NB KEZOLE 200MG TAB | 472 | 2022/10 | 30.00 | 14160.00 |
| 59 | NB L-CETAM 250MG TABLET | 90 | 2021/12 | 9.00 | 810.00 |
| 60 | NB L-CETAM 250MG TABLET | 40 | 2022/01 | 9.00 | 360.00 |
| 61 | NB LUSAM CREAM | 4 | 2022/02 | 300.00 | 1200.00 |
| 62 | NB MEGAPEN 1GM INJECTION | 31 | 2022/10 | 53.60 | 1661.60 |
| 63 | NB MONOCEF-SB 1GM | 42 | 2022/10 | 253.92 | 10664.64 |
| 64 | NB ORAGUM GEL | 16 | 2022/08 | 110.00 | 1760.00 |
| 65 | NB OSTONAC MOUTH WASH | 41 | 2022/10 | 137.00 | 5617.00 |
| 66 | NB STONIL TABLET | 580 | 2022/09 | 9.00 | 5220.00 |
| 67 | NB TELVAS H 80/12.5 TAB | 170 | 2022/02 | 19.04 | 3236.80 |
| 68 | NB TENEPRIDE 20MG TABLET | 10 | 2022/07 | 16.18 | 161.80 |
| 69 | NB TRIOZOLE-B CREAM | 29 | 2022/01 | 60.00 | 1740.00 |
| 70 | NB URODINE 2MG TABLET | 1050 | 2022/12 | 27.00 | 28350.00 |
| 71 | NB VENIZ XR 75MG TABLET | 340 | 2022/03 | 15.04 | 5113.60 |
| 72 | NB ZOCEF 1.5G INJ | 1 | 2022/02 | 652.00 | 652.00 |
| 73 | NEEDLE 26 G | 299 | 2022/02 | 10.00 | 2990.00 |
| 74 | NIJRAL-Z 50ML SHAMPOO | 466 | 2022/11 | 200.00 | 93200.00 |
| 75 | OSART-40MG | 458 | 2021/07 | 15.40 | 7053.20 |
| 76 | PARDOPA-110MG TAB | 620 | 2021/05 | 3.00 | 1860.00 |
| 77 | PARDOPA-275MG TAB | 500 | 2020/12 | 7.00 | 3500.00 |
| 78 | PARDOPA-275MG TAB | 380 | 2020/12 | 7.00 | 2660.00 |
| 79 | PARDOPA-275MG TAB | 1800 | 2021/02 | 7.00 | 12600.00 |
| 80 | PARDOPA-CR | 150 | 2020/12 | 9.00 | 1350.00 |
| 81 | PARDOPA-CR | 1215 | 2021/05 | 9.00 | 10935.00 |
| 82 | PSYCLAM PLUS TAB | 1060 | 2022/04 | 3.00 | 3180.00 |
| 83 | PSYZOLE 15MG TABLET | 390 | 2022/08 | 16.00 | 6240.00 |
| 84 | REPANIDE 2MG TAB | 220 | 2021/05 | 12.00 | 2640.00 |
| 85 | SALZIN 500MG TABLET | 1268 | 2022/02 | 9.00 | 11412.00 |
| 86 | SEZ-1000MG TAB | 24 | 2022/12 | 50.00 | 1200.00 |
| 87 | SINEX SYRUP | 194 | 2021/11 | 60.00 | 11640.00 |
| 88 | SINUS NASAL DROPS | 75 | 2021/09 | 50.00 | 3750.00 |
| 89 | T-FINE 250MG TABLET | 410 | 2022/06 | 25.00 | 10250.00 |

| | | | | | |
|---|---|---|---|---|---|
| 90 | TACROZ 0.03% 10GM OINTMENT | 124 | 2022/11 | 320.00 | 39680.00 |
| 91 | TEMOR 80MG TABLET | 8318 | 2023/06 | 20.00 | 166360.00 |
| 92 | TENNIS ELBOW SUPPORT | 4 | 2023/06 | 310.00 | 1240.00 |
| 93 | TOPAZ-25MG TABLET | 7 | 2023/05 | 7.89 | 55.23 |
| 94 | VANESCO 500MG INJECTION | 8 | 2022/09 | 585.00 | 4680.00 |
| 95 | ZIDE-80MG TAB | 600 | 2020/06 | 6.00 | 3600.00 |
| 96 | ZOLLY-10MG TAB | 8 | 2021/08 | 12.00 | 96.00 |
| 97 | ZOLLY-10MG TAB | 746 | 2022/09 | 12.00 | 8952.00 |
| **TOTAL** | | | | **8785.48** | **873253.24** |
| | | | | | |

| | |
|---|---|
| अनियमित भएको | ८,७३,२५३ |

## ४८ औषधीको मुल्य निर्धारण

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयवाट जारी भएको अस्पताल फार्मेसी सेवा निर्देशिका ,२०७२ को वुँदा नम्वर ९मा औषधी तथा औषधीजन्य पदार्थको विक्री मुल्य निर्धारण गर्दा सोको खरिद मुल्यमा २० प्रतिशतमा नवढाई विक्री मुल्य निर्धारण गर्नुपर्ने एवम यसरी मुल्य निर्धारण गर्दा अधिकतम खुद्रा मुल्य भन्दा अधिकतम खुद्रा मुल्य भन्दा वढी हुन नसक्ने भएकोमा अस्पतालले निर्देशिकामा भएको व्यवस्थाको पालना नगरी अधिकतम खुद्रा मुल्यमा सोको खरिद मुल्य जोडी उक्त मुल्यलाई २ ले भाग गरी आउने मुल्यलाई फार्मेसीको विक्री मुल्य निर्धारण गरेको पाईयो ।यसरी मुल्य निर्धारण गर्दा निर्देशिकाले गरेको व्यवस्था भन्दा करीव १२० प्रतिशत सम्म सर्व साधारणले वढी मुल्य तिरेको पाईयो । फार्मेसीवाट सर्वसाधारणलाई विक्री गरिने औषधीको विक्री मुल्य उल्लिखित तरिकावाट निर्धारण गरिएकोले आम नागरिकले सरकारले निर्धारण गरेको मुल्यमा १२० प्रतिशत भन्दा वढी मुल्य तिरेको पाईयो । औषधी जस्तो संवेदनिसल विषयमा निर्देशिकाको पालना नहुँदा सर्वसाधारणले पाउने सुविधा नपाएको देखियो । यसरी मनोमानी ढंगवाट मुल्य निर्धारण गरी फार्मेसी संचालन गर्ने पदाधिकारीलाई जिम्मेवारी वनाई निर्देशिकाको पालना गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ४९ नगर अस्पतालको जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ (१) अनुसार कार्यालय प्रमुखले लगत खडागरि अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी सामानको मौजुदा अवस्थाको सम्वन्धमा बर्षमा कम्तीमा एक पटक आफै वा त्यस्तो मालसमान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा ३ सदस्यीय समिति गठन गरि सो समिति वा जिन्सी निरिक्षण गरि गराई प्रतिवेदन लिनु पर्ने व्यवस्था छ । अस्पतालको ल्याब तथा सर्जिकल सामानतर्फको जिन्सी निरीक्षण प्रतिवेदन पेश भएन ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ५० उपदान सुविधा

आयकर ऐन २०५८ अनुसार स्विकृत नभएको अवकाश कोष बाट अवकास कापतको सुविधा वापत १५ प्रतिशत कट्टा गर्नु पर्ने उल्लेख छ । पालिकाले देहाय बमोजिमका कर्मचारी अवकाश भुक्तानी गर्दा १५ प्रतिशतका दरले कर गणना गर्नुपर्नेमा अवधि गणना गरी उपदान बापत ५ प्रतिशत कट्टागरी मात्र भुक्तानी गरेकोले ऐन बमोजिम कर कट्टा हुनुपर्ने देखिन्छ । अवकाश कोषको व्यवस्था नगरी पालिकाको विकास निर्माण गर्नुपर्ने बजेटबाट कर्मचारी अवकाश पछीको निवृत सुविधा रु ११५६८६८६।०० भुक्तानी गरेको नियम संगत नदेखिएको रु

| अवकास कर्मचारी | भुक्तानी रकम | कर कट्टा रकम |
|---|---|---|
| जित बहादुर बुढाथोकीलाइ औपदान बिदा तथा औषधी उपचार खर्च | १८,५४,१६९.३ | १,३०,५२४.६९ |
| सिताराम माझीको सेवा निवृत सुविधा | ३८,४५,८३०.६२ | ३,६६,३३२.२२ |
| पदम बहादुर कार्कीको सेवा निवृत सुविधा | १९,७७,१३७.०० | ० |
| अधिकृत छैठौं सालिकराम भट्टराईको अवकास कापतको सुविधा | ३८,९१,५४९.०५ | २,२८,७८४.३६ |
| जम्मा | ११५६८६८६ | |

| अनियमित भएको | १,१५,६८,६८६ |
|---|---|

## ५१ माग वेगर ग्रभेल कार्यको भुक्तानी

प्रदेश सरकारको सशर्त अनुदान अन्तर्गत कन्टेन्जेन्सी खर्च शिर्षक अन्तर्गत गो भौ न ३१।२०८०।३।११ बाट वडा नं ७ मा ग्रभेल कार्य देव बहादुर अधिकारी रु ९९०००।०० र गो भौ न ३२।२०८०।३।११ बाट वडा नं १ मा ग्रभेल कार्य वापत रमेश कुमार लामिछानेलाई रु ९९४४००।०० समेत १९८४४०।०० योजनाको माग वेगर तथा कार्यपालिकाको अनुमोदन नगराई अमानतबाट खर्च लेखेको नियमित नदेखिएको रु

| अनियमित भएको | ९९,४४० |
|---|---|

## ५२ लाभग्राही छनौटको आधार

नगरपालिकाले बितरणमुखि कार्यक्रम गर्दा लाभग्राही छनौटको आधार लिई सँचालन गर्नुपर्दछ । कार्यालयले अनुदान वितरण प्रणालीलाई व्यवस्थित गरेको देखिदैन । यसरी आधार बेगर बितरण गर्दा बितरण गरेका लाभग्राहीको अभिलेख नहुने , एकपल्ट लाभ लिनेले पुन लाभ लिने, तथा पहुँयोग्यले मात्र लाभ प्राप्त गर्न सक्ने हुनाले लाभग्राहीहरुको क्लस्ट तथा कार्यबिधि तयार गरी हरेक बर्ष दोहोरो नपर्ने गरी गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

## ५३ अनुदानको अनुगमन

स्थानिय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानिय योजना कार्यक्रमका रकम खर्च गर्दा कानुन, मापदणड, कार्यबविधि बनाइ सोही अनुसार खर्च गर्नुपर्ने व्यवस्था छ । खर्च गरिएको रकमको सदुपयोग भए नभएको यकिन गर्ने अनुदान उपलब्ध गर्ने निकायले समय समयमा अनुगमन नियमन र प्रतिवेदन जस्ता कार्य गर्नुपर्दछ । तसर्थ अनुगमन कार्यलाइ प्रभावकारी बनाइ सघिय, प्रदेश तथा स्थानिय तहबाट वितरण हुने अनुदानमा दोहोरो नहुने गरी अनुदानग्रहीको जिवनस्तरमा सुधार आए नआएको यकिन गरी रकमको पुर्ण सदुपयोग गर्नेतर्फ ध्यान दिनुपर्दछ ।केहि उदाहरणहरु

| गो.भौ. मिति | अनुदान प्राप्त गर्नेको विवरण | भुक्तानी रकम |
|---|---|---|
| १९२/०८०/३/१९ | मकैबाली पकेट कार्यक्रम पापत काबेली साना किसान सहकारी संस्था | १०९०६३१ |
| ३/०७९/७/३० | विभिन्न किसानहरुलाई तोरीको विउ वितरण | ३७४५०० |
| ६/०७९/९/२५ | विभिन्न किसानहरुलाई घाँसको विउ वितरण | ३९४३५० |
| १५/०८०/१/१३ | विभिन्न किसानहरु लाई मकै छोडाउने मेसिन वितरण | ३३२५०० |
| २६/०८०/३/६ | विभिन्न किसानहरु लाई च्यापकटर वितरण | ५५८००० |
| | | |

सैद्धान्तिक बेरुजु

५४ **कृषि पकेट**

शसर्त अनुदान अन्तर्गतप्राप्त रकमबाट कार्यक्रम संचालन गरी खर्च गर्दा तोकिएको नर्म्स अनुसार गर्नुपर्ने व्यवस्था गरेको छ । प्रधानमन्त्रि कृषि आधुनिकीकरण परियोजना अन्तरगत पालिकाले बिभिन्न कृषि पकेट विकास कार्यक्रमहरु सञ्चालन गरेको छ । ती पकेट विकास कार्यक्रमहरु अन्तरगत अनुदान प्राप्त कृषक वा कृषक समूह छनौट गर्दा इच्छुक सबैले समान सहभागिताको अवसर प्राप्त गरे नगरेको सम्बन्धमा कार्यालयले अध्ययन बिश्लेषण र मूल्यांकन गरेको देखिएन । यसरी नगरपालिका शसर्त अनुदानबाटभए गरेका कामको मुल्यांकन र अनुदान वितरणबाट रोजगारी, उत्पादकत्व, राजस्व योगदान र नमुना तथा उत्प्रेरणाको कार्य भए नभएको सम्बन्धमा समिक्षा गरेको पाइएन। साथै स्थानीय तहबाटअनुदान प्राप्त गर्ने कृषकको नाम नामेसि सहितको अभिलेख अध्याविधक गरी एउटै समूह, संस्था वा व्यक्तिले पटक पटक अनुदान प्राप्त गर्ने अवस्था तर्फ सचेत हुनु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५५ **प्रधानमन्त्री रोजगार कार्यक्रम** -

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ८ वडामा १५ योजना सञ्चालन गरी यस वर्ष ८३ जनालाई औसत ६४ दिनले रोजगारी उपलव्ध गराई रु.३०५३४०६ श्रमिक ज्याला खर्च गरेको छ । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५६ **तोरि प्रशोधन प्रवद्धन** -

प्रदेश सरकारको सशर्त अनुदान अन्तर्गत तोरी प्रशोधन तथा प्रवर्द्धन कार्यक्रमका लागि रु २५ लाख बजेट विनियोजन गरेकोमा उक्त कार्यक्रम संचालन गर्नका लागि प्रदेशनं १ थोक उपभोक्ता विशिष्टीकृत सहकारी संघ ली दमकको प्रस्तावित परियोजनामा तोरी प्रशोधन तथा प्रवर्द्धन कार्यक्रम गर्न २५ लाख अनुदान भुक्तानीको विलभरपाई परीक्षण गर्दा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन ।

तोरी प्रशोधन तथा प्रवर्द्धन कार्यक्रम गर्नकोलागि परियोजना छनौट गर्दा तोरी प्रशोधन तथा प्रवर्द्धनको कार्य गरेको हुनुपर्नेमा चिया कफी तथा अन्य कारोवार गरीरहेको सहकारीलाई योजना छनौट गरेको देखियो । पालिकाले निजी तथा नाफामूलक निजी कम्पनीलाई

प्रदेशसरकारको तोरि प्रशोधन प्रवद्धन कार्यक्रम अन्तर्गत तोरि प्रशोधन मेशिन तथा कच्चा पदार्थ खरिदका लागि प्रदेश नं १ थोक उपभोक्ता विशिष्टिकृत सहकारी संघ लिमिटेडलाई रु.१५ लाख अनुदान दिएको छ तोरि प्रशोधन प्रवद्धन कार्यक्रम अनुदान उपलब्ध गराएकोमा सम्बन्धित किसान तथा जनताले मिलबाट उत्पादन तथा मूल्यमा अधिकतम प्रतिफल प्राप्त गर्ने गरी उपयोग गरे नगरेको सम्बन्धमा अनुगमन गरेको छैन । रकम उपलब्ध गराउने नीति, मापदण्ड, कार्यविधि र लाभग्राही छनौटको आधार नखुलाई रकम उपलब्ध गराएको उचित देखिएन । अनुदान रकम लक्षित वर्गले सदुपयोग गरेको सुनिश्चित हुनुपर्ने रु

वार्षिक लक्ष्य नतोकि, अनुगमनको व्यवसथा नगरी, राज्यको अनुदानबाट जनताले प्राप्त गर्ने राहतको सुनिश्चित नगरी, कार्यविधि बेगर पहुच र प्रभावको आधारमा योजना छनौट भई अनुदान निकासा हुने प्रबृति नियन्त्रण हुनु पर्दछ ।

| | |
|---|---|
| अनियमित भएको | २५,००,००० |

५७ **अन्य निकायको खर्च**

पालिकाले नगरपालिकामा रहेका विभिन्न सुरक्षा निकाहरुलाई विभिन्न सुविधा उपलब्ध गराएको देखियो । यी सुरक्षा निकायहरु संघीय बजेट तथा नीति अन्तर्गत सञ्चालित हुने व्यबस्था रहेको छ । प्रदेश सरकारको बजेटबाट ट्राफिक प्रहरी कार्यालय, दमक भवन निर्माण उ.स.लाई ट्राफिक प्रहरी कार्यालय, दमक भवन निर्माण गर्न रु.२५ लाख उपलब्ध गराएको छ । सो ट्राफिक प्रहरी कार्यालय नगरपालिका अन्तर्गत नभई संघीय बजेट तथा नीति अन्तर्गत सञ्चालित हुने भएकाले यस्तो रकम दिने प्रणालीमा नियन्त्रण हुनुपर्ने रु

| | |
|---|---|
| अनियमित भएको | २५,००,००० |

५८ **धरौटी सदरस्याहा**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम६७ मा तोकिए बमोजिमको कार्यविधि अपनाई कार्यालयप्रमुखले राजस्वमा आम्दानी बाँध्नुपर्ने उल्लेख छ । कार्यालयको यस आ.व.को अन्तमा रु.३८२८९०९१।०० धरौटी मौज्दातमा रहेको देखिन्छ । नियममा भएको व्यवस्था अनुसारनामनामेसी नखुलेको धरौटी रकम तथा प्रयोजन सकिएको धरौटी सदरस्याहा गरि धरौटी खाता अद्यावधिक गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५९ **फिर्ता दाखिला**

४२।२०८०।३।२१ दमक बहुमुखि क्याम्पसलाई कम्प्यूटर, आई टी सामाग्री तथा फर्निचर खरिद वापतको अनुदान रु २५०००००। ०० निकासा गरेकोमा सिलवन्दी दरभाउपत्रबाट नेश्नल ट्रेड दमकबाट रु २४६९७३४।०० मा कम्प्यूटर, आई टी सामाग्री खरिद गरेको विल भर्पाई र जिन्सी दाखिला पेश गरेकोमा बाँकी रु ३०२६६।०० प्रदेश संचितकोषमा फिर्ता दाखिला हुनुपर्ने रु ३०२६६।००

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३०,२६६ |

६० **स्यालो स्यालो टयूववेल खरिद**

३९।२०८०।३।११ प्रदेश सरकारको सशर्त अनुदान अन्तर्गत कृषि तर्फको मेशिनरी औजार अनुदान वितरण गर्दा उपभोक्ता समितिको २५ प्रतिशत योगदान हुनुपर्ने उल्लेख छ । प्रदेश सरकारको सशर्त अनुदान अन्तर्गत कृषि तर्फको ११ थान स्यालो स्यालो टयूववेल खरिदको विल भरपाई सहितको कागजातका आधारमा रु ८८३२१३।३१ को कार्य सम्पन्न भई सोको २५ प्रतिशत योगदान घटाई संगम सिचाई उपभोक्ता समितिलाई रु ६६२४१०।०० भुक्तानी गर्नुपर्नेमा रु ७०००००।०० भुक्तानी गरेकोले रु ३७५९०।०० बढी भुक्तानी गरेको असुल गर्नुपर्ने रु ३७५९०।००

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३७,५९० |

६१ **तटबन्धन निर्माण**

नगरपालिका, दमकले महाराजथान ताराबारी मावाखोला तटबन्धन निर्माण उपभोक्ता समितिसँग तटबन्धको कार्य सञ्चालन गर्न प्रदेश सरकारको तर्फबाट रु.४० लाख अनुदान उपलब्ध गराउने सम्झौता अनुसार रु.३९ लाख भुक्तानी भएको छ । उपभोक्ता समितिसँगको

कार्यमा लागत अनुमान तयार गर्दा मूल्य अभिवृद्धि कर, ओभरहेड, श्रमदानको अंश कट्टी गरेर मात्र भुक्तानी गर्नुपर्ने तथा उपभोक्तासँग सम्झौता भएको कामको परिमाण तथा दररेटमा भेरिएशन गर्न नसकिने व्यवस्था विपरीत स्वीकृत दररेट फरक पारी बढी दरमा विभिन्न साइजका जालीको कामको भुक्तानी भएको, साथै दर विश्लेषणमा लाग्ने मूल्य अभिवृद्धि कर रकम समावेश गरी सकेको अवस्थामा पुन बिलको जोडमा थप १३ प्रतिशत मूल्य अभिवृद्धि कर जोडी भुक्तानी भएकोले महाराजथान ताराबारी मावाखोला तटबन्धन नि.उ.स. बाट रु.१ लाख २७ हजार असुल हुनुपर्दछ । उपभोक्ता समितिलाई तटबन्ध निर्माण गरेबापत रकम उपलब्ध गराएकोमा उपभोक्ताले रकम भुक्तानीको लागि पेस गरेको बिल भर्पाई परीक्षण गर्दा तटबन्धमा प्रयोग हुने ढुङ्गाको परिमाण खरिद गरे भन्दा बढी राखी भुक्तानी दिएको देखियो । उपभोक्ताले बढी ढुङ्गा खरिद एवं प्रयोग गरेको, देखाई बढी भुक्तानी भएको रु. ४७ हजार रकममा उपभोक्ताको अंश कट्टा गरी असुल उपर गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,७४,००० |

६२ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुरी गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने र नियमावली, २०६४ को नियम ८५ मा १ लाख भन्दा बढीको सोझै खरिद गर्दा मौजुदा सूचिमा रहेका ३ बटा आपूर्तिकर्ताबाट दरभाउपत्र लिनु पर्ने उल्लेख छ। नगरपालिकाले कम्प्युटर तालिम पटक पटक देहाय बमोजिम सिधै खरिद गरेको देखिएको छ। ऐनको प्रावधान कार्यान्वयन नगरी खरिद गर्ने कार्य देखिएकोले यस्तो खर्च नियन्त्रण गरी सार्वजनिक खरिद नियमावली वमोजिम खरिद गर्नु पर्ने रु ६९८०००

| भौन मिति | फर्मको नाम | विवरण | रकम |
|---|---|---|---|
| १४४६-२।७ | साइवर स्पेस कम्प्युटर | कम्प्युटर तालिम | ४००००० |
| १६१९-३।३ | साइवर स्पेस कम्प्युटर | कम्प्युटर तालिम | १००००० |
| १७१६-।१३ | साइवर स्पेस कम्प्युटर | कम्प्युटर तालिम | १९८००० |
| जम्मा | | | ६९८००० |

| | |
|---|---|
| अनियमित भएको | ६,९८,००० |

६३ **निर्देशिका विपरित खर्च**

कोशी प्रदेश सार्वजनिक खर्चको मापदण्ड र मितव्यिता सम्बन्धि निर्देशिका २०७९ को बुदा ६ को ४ मा तालिम केन्द्र/प्रतिष्ठान बाहेक अन्य निकायबाट सञ्चालित सवै प्रकारका तालिममा कार्यालयका कर्मचारी स्रोतव्यक्ति/प्रशिक्षक अधिकृत स्तरको तालिम भएमा कार्यपत्र वापतको रु १२००.० मात्र पाउने र अन्य निकायका स्रोतव्यक्ति भएमा कार्यपत्र वापत रु १२०० र कक्षा लिएवापत रु ८०० भुक्तानी गर्न सकिने नर्म्समा उल्लेख भएको भन्दा देहाय बमोजिम बढि भुक्तानी भएकोले असुल गर्नुपर्ने रु

| भौ.नं. | नामपद | नर्म्स अनुसार पाउने रकम | भुक्तानी रकम | बढि भुक्तानी कर कटाई |
|---|---|---|---|---|
| २५-५।१३ | बाह्य प्रशिक्षक राम बहादुर राई | २०००का दरले ८ कक्षाको रु १६००० | २०००० | ३४०० |
| १०९६-३।२ | बाह्य प्रशिक्षक शंकर न्यौपाने | २०००का दरले २ कक्षाको रु ४००० | ५००० | ८५० |
| १०९६-३।२ | खा.अ. लक्ष्मि न्यौपाने | १२०० का दरले४ कक्षाको रु४८०० | ६००० | १०२० |
| १३०५-१।१४ | विरेन्द्र शाह | २०००का दरले ८ कक्षाको रु १६००० | २०००० | ३४०० |
| जम्मा | | | | ८६७० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,६७० |

६४ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण –**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यस निकायमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छ ।

| **सम्पत्ति** | **प्राप्त मिति** | **संख्या** | **खरिद/प्राप्ति मूल्य** | **कैफियत** |
|---|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | नखुलेको | भवन १८<br>जमिन<br>१५२२७५.९५<br>ब.मि. | | |
| **सवारी साधन (रु.१ लाखभन्दा बढी)** | | | | |
| जीप | नखुलेको | ५ | नखुलेको | नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकिय अधिकृत र कार्यालयको काममा प्रयोग हुने |
| मोटरसाइकल | नखुलेको | ११ | नखुलेको | |
| टेक्टर | नखुलेको | २ | नखुलेको | |
| एम्बुलेन्स | नखुलेको | १ | २५९०००० | |
| हायस | नखुलेको | १ | नखुलेको | |
| शववाहन | नखुलेको | १ | नखुलेको | |
| **उपकरण (रु.१ लाखभन्दा बढी)** | | | | |
| जे.सी.बि | | १ | | |
| बारुणयन्त्र | | ३ | | |
| बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन | २०७७ | १ | नखुलेको | वारुण यन्त्र अति जिर्ण भइ स्पेयर पार्ट प्राप्त नहुने र लागत अत्याधिक लाग्ने भएको |
| अतिक्रमणमा परेको जग्गा | | | | नखुलेको |
| अतिक्रमण हटाउन गरेको प्रयास | | | | नखुलेको |

सैद्धान्तिक बेरुजु

६५ **ठेक्का अभिलेख तथा व्यबस्था**

६५.१ ठेक्का अभिलेखः-

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्काा अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्निुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्काख सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्कीब ग्यारेन्टीको अवस्था, काम सम्पन्नो गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी

उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

६५.२ ठेक्का व्यवस्था :

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा २५.८४ देखि ५५.७५ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समानै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | Supply of Street Light Materials, Damak | DMO/JHAPA/LIGHT/09/079-80 | Amit Impex, Damak | 1997840.0 | 944680.0 | 52.71 |
| २ | Damak Shopping Complex, Damak 7 (Calculated without VAT) | DMO/JHAPA/BUILDING/10/079-80 | Nawa Srijanshil Banglamukhi JV | 516328482.2 | 382888184.1 | 25.84 |
| ३ | Gravelling Works of Different Roads, Damak 3 | DMO/JHAPA/ROAD/15/079-80 | Anubhab Nirman Sewa | 5251824.3 | 2324187.5 | 55.75 |
| ४ | Construction of Radhakrishna Community Building, Damak 10 | DMO/JHAPA/BUILDING/17/079-080 | Yugal Construction, Urlabari, Morang | 7801277.7 | 5543849.1 | 28.94 |
| ५ | Upgrading of Ekata Marga Damak 5 | DMO/JHAPA/ROAD/18/079-080 | Construction Concern Firm Pvt. Ltd., Birtamod, Jhapa | 7028282.1 | 4616883.6 | 34.31 |
| ६ | Bhalukhola Dhardhare RCC Culvert Construction (2 Places), Damak | DMO/JHAPA/Culvert/19/079-080 | Yugal Construction, Urlabari, Morang | 13561912.6 | 9923735.2 | 26.83 |
| ७ | Road Maintenance of Black top Work( 12 Road), Damak 1-10 | DMO/JHAPA/ROAD/21/079-080 | Agni And Sons Nirman Sewa Pvt. Ltd. | 17150479.6 | 11200249.9 | 34.69 |
| ८ | Rate Holi samrakshyan works Damak 8 | DMO/JHAPA/ROAD/23/079-080 | Sambandha Construction, Damak, Jhapa | 2626878.6 | 1938555.0 | 26.20 |
| ९ | Construction of Retaining Wall on Different Roads, Damak 2 | DMO/JHAPA/ROAD/24/079-080 | Key Note Construction and Builders Pvt. Ltd. | 4810198.6 | 3058560.4 | 36.42 |
| १० | Upgradation of Road at ward no 4 and 5- P21(Madandagi to Tarabari Dipu Via Sampada Chowk, Kharkhare, Sangam Chowk and Jamujhar) | NP-DUDBC-273142-CW-RFB | Kankai International Builders Pvt. Ltd. | 607804128 | 442415527 | 27.21 |
| ११ | Bhrikuti Ma.Bi. Building Construction, Damak 1 | DMO/JHAPA/BUILDING/26/079-80 | Galaxy Construction | 2864118.43 | 2076078.7 | 27.51 |
| १२ | Footpaath Construction Phalgunanda Chowk North Road, Damak 1 | DMO/JHAPA/ROAD/29/079-80 | Bantawa Nirman Sewa | 1645620.02 | 1098495.4 | 33.25 |
| १३ | Construction of Compound Wall of ward office Building, Damak 6 | DMO/JHAPA/wall/30/079-80 | Shubha Nawaranga Construction | 4689503.16 | 3278980.8 | 30.08 |
| १४ | **Construction of Blacktop Road, Swami/Bhawana** | DMO/JHAPA/ROAD/31/079-80 | Bisar GMW Construction | 4148597.0 | 2685438.0 | 35.27 |

सैद्धान्तिक बेरुजु

६६ **नापी किताब**

निर्माण कार्यको विस्तृत अभिलेखाकंनका लागि स्वीकृत ढांचाको नापी किताबमा ठेक्का नम्बर आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकमसमेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यवस्था छ ।पालिकाले अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ बिलअनुसार नापी किताब लुज सिटमा तयार गरेको पाइयो । तोकिएको ढांचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखीठेक्का बिलअनुसार अलग अलग नापी किताब राख्दा नियमावलीको व्यवस्थाअनुसार आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न सहज हुने हुँदा अभिलेख राखी स्वीकृत ढांचा बमोजिमको नापी किताव प्रयोगमा ल्याउनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६७ **शीर्षक फरक पारी खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावाली,२०७७ को नियम ३८ मा बजेट खर्च गर्न वा खर्च निकासा गर्न दिनु अघि स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित शीर्षकमा परेको र खर्च गर्न बाँकी रहेको एकीन गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको फरक शीर्षकबाट खर्च भुक्तानी गरको छ। फरक शीर्षकमा खर्च गरेको रु. १९५०००।०० रकम नियमित देखिएन । विनियोजित बजेट सम्बन्धित खर्च शिर्षकको अधिनमा रही खर्च गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ(नमुना छनौटको रुपमा हेरिएको) ।

| **भौचर नं. र मिति** | **शिर्षक** | **रकम रु** | **कैफियत** |
|---|---|---|---|
| ६९४ | सडक ग्राभेल दमक-३ | १९५००० | टिनको छानो लगाउने काम |
| **जम्मा** | | १९५००० | |

| अनियमित भएको | १,९५,००० |
|---|---|

६८ **मूल्य अभिवृद्धि कर सम्बन्धमा**

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ग वमोजिम सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आशिंक स्वामित्व भएको संघ संस्थाले ठेक्का वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा आपूर्ति वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने मु.अ. कर रकमको ३० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले उपभोक्ता समिति मार्फत काम गराउने भनी सम्झौता बमोजिम लागत अनुमान तयार गरी सो अनुसार कार्यसम्पन्न भई उपभोक्ता समितलाई भुक्तानी दिएको छ ।तर उपभोक्ता समितिले उक्त निर्माण तथा खरिद कार्य फर्म\आपुर्तिकर्ता मार्फत गराई मु.अ. कर सहित भुक्तानी दिएको बिल पेश भएको देखिन्छ।सो फर्म तथा आपुर्तिकर्तालाई मुल्य अभिवृद्धि करको शत प्रतिशत भुक्तानी हुने र सो मु.अ. कर छली हुन सक्ने हुँदा यस्तो कार्यमा नीतिग सुधार हुनुपर्दछ ।केही उदाहरणहरुः-

| सि.नं. | गो.भा.न. | विवरण | बिजक नं. | भुक्तानी कर्ताको नाम | भ्याट बाहेक रकम | मु.अ.कर | मुअकर को ३० प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | ५ | निर्माण कार्य | १२६ | बालकुमारी भुमेश्वरी सप्लायर्स, दमक | ९००००० | ११७००० | ३५१०० |
| २ | ५ | निर्माण कार्य | १२८ | बालकुमारी भुमेश्वरी सप्लायर्स, दमक | ९१५००० | ११८९५० | ३५६८५ |
| ३ | ७३१ | निर्माण कार्य | ६७ | रेनता निर्माण सेवा दमक-७ | ३००७३० | ३९०९४ | ११७२८ |
| ४ | ७३१ | निर्माण कार्य | ६९ | रेनता निर्माण सेवा दमक-७ | २२९९७० | २९८९६ | ८९६८ |
| ५ | ७४८ | निर्माण कार्य | २६८१ | सा.सु. इरान प्रा ली कमल-६ | ५७५२२१ | ७४७७८ | २२४३३ |
| ६ | ७४८ | निर्माण कार्य | २०१८ | सा.सु. इरान प्रा ली कमल-६ | ४४२४७८ | ५७५२२ | १७२५६ |
| ७ | ५२१ | निर्माण कार्य | १४ | सिकिवा क्रकिट प्रा ली | ३२५५०० | ४२३१५ | १२६९४ |

सैद्धान्तिक बेरुजु

६९ **कार्यालयको काम उपभोक्ता समिति मार्फत गराएको**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समिति मार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। कार्यालयले आफै निर्माण गर्नुपर्ने आफ्नै भवन निर्माण तथा मर्मतको काम उपभोक्ता समिति मार्फत गराइ देहाय अनुसार खर्च गरेको छ। उपभोक्ता समिति मार्फत कार्य गराउदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण गर्न नहुने र प्रतिस्पर्धावाट कार्यालयले गराउनुपर्ने कार्यहरु समेत उपभोक्ता समिति मार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदाय मार्फत आफ्नै भवन निर्माण कार्य गराउनु अनियमित देखिएको रु.

| भौ नं. | उपभोक्ता समिति | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १९ | मोटरसाइकल पार्किङ्ग\चमेना गृह दमक १० उ.स. | वडा कार्यालयको ग्राउण्डमा टाइल्स लगाउने कार्य | १२७२७३९।०० |
| ३३ | वडा समितिको कार्यालय मार्ग उ.स. | वडा-४ कार्यालयको प्राङ्गणमा लकिङ्गस टाइल्स लगाउने कार्य | २९२५००।०० |
| १८५ | मोटरसाइकल पार्किङ्ग\चमेना गृह दमक १० उ.स. | वडा कार्यालयको ग्राउण्डमा टाइल्स लगाउने कार्य | ४४००८।०० |
| **जम्मा** | | | **१६०९२४७।००** |

| अनियमित भएको | १६,०९,२४७ |
|---|---|

७० **कार्य सम्पादन जमानत**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० अनुसार त्रुटी सच्याउने अवधि भन्दा कम्तिमा एक महिना वढि अवधी भएको कार्य सम्पादन जमानत राख्नुपर्ने व्यवस्था गरेको छ। तर निम्न अनुसारका निर्माण कार्यको कार्यसम्पादनको म्याद कानुनमा तोकिए वमोजिमको अवधी सम्मको देखिएन।कार्य सम्पादन जमानतको म्याद सकिएको अवस्थामा निर्माण व्यवसायीले दायित्व पुरा नगरेको अवस्थामा जिम्मेवार वनाउन सकिदैन। तसर्थ म्याद थप गरी बैँक जमानतको म्याद थप नगर्नेलाई जिम्मेवार बनाउनुपर्ने ।

| सि.न. | कामको विवरण | निर्माण व्यवसायीको नाम र ठेगाना | कार्य सम्पादन जमानत | म्याद सकिने मिति | काम समाप्त गर्नुपर्ने मिति | म्याद थप भएकोमा कायम भएको मिति |
|---|---|---|---|---|---|---|
| १ | शहिद वनवाटिक घेराबार कार्य दमक २ | सम्बन्ध कन्स्ट्रक्सन प्रा ली दमक २ | ३६८९००० | २०८०।५।१० | २०७९।९।३० | २०७९।८।२९ |
| २ | इन्द्रेणी ताल सँरक्षण दमक १० | अग्नि एण्ड सन्स निर्माण सेवा प्रा ली दमक | ३१२०००० | २०७९।८।६ | २०७९।३।३० | २०७९।८।६ |

सैद्धान्तिक बेरुजु

७१ **पूँजिगतबाट चालु प्रकृतिको खर्च**

एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या,२०७४ अनुसार चालु प्रकृतिका खर्च चालु खर्च शिर्षकवाट र पुँजीगत खर्च पुजीगत खर्च संकेतवाट खर्च लेख्नुपर्नेमा चालु प्रकृतिको खर्च पुँजीगत वजेटमा समावेश गरी वजेट खर्च लेख्नि नियम सम्मत देखिएन ।यस पालिकाले तपशिल बमोजिमका चालु प्रकृतिका कार्यक्रम पूँजिगत बजेटमा समावेश गरी खर्च लेखेको छ। यसरी चालु प्रकृतिको खर्च पूँजिगत शिर्षक बाट गर्नु वित्तिय अनुशासनको उल्लङ्घन हो। यसमा कार्यालयले सुधार गर्नुपर्दछ। केही उदाहरण देहायअनुसार छन :

| भौ न | कामको विवरण | रकम |
|---|---|---|
| ४३१ | फुल तथा मल खरिद | १४९५० |
| ४३२ | आर्थिक सहायता वितरण | ६५००० |
| ५९७ | सरसफाई सम्बन्धि सामाग्री खरिद | २९७१० |
| ५९९ | अँपाग सम्बन्धि सामाग्री खरिद | ७१००० |
| ६०७ | फर्निचर सामाग्री खरिद | ६०००० |
| ६०८ | फर्निचर सामाग्री खरिद | ९३७५९ |
| ६०९ | फर्निचर सामाग्री खरिद | ९४३५५ |
| ६७२ | बोर्ड, आल्मुनियम खरिद | ४४००० |

सैद्धान्तिक बेरुजु

७२ **हेभी इक्युपमेन्टको प्रयोग**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा कामको मुख्य उद्देश्य रोजगारी श्रृजना गर्ने भएमा उक्त काम उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ भने सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको नपाइएकोले नियमसम्मत देखिएन रु.

| गो भा न | उपभोक्ता समितिको नाम | कामको विवरण | मुल्याँकन | भुक्तानी | मेशिन प्रयोगको मु.अ.कर बिल |
|---|---|---|---|---|---|
| ३१७ | साबिक १६ ग्राभेल उ.स. दमक-४ | साबिक १६ लोकमार्ग उत्तर शाखा बाटाहरुमा ग्राभेल दमक-४ | ११२९२५१ | ८७७०७६ | ९००००० |
| ५५४ | वडा समितिको कार्यालय मार्ग उ.स. दमक-४ | साबिक ८ लोकमार्ग उत्तर शाखा बाटाहरुमा ग्राभेल दमक-४ | ११२३६०१ | ८७७५०० | ८८२३०७ |
| **जम्मा** | | | | **१७५४५७६** | |

| अनियमित भएको | १७,५४,५७६ |
|---|---|

## ७३ जटिल संरचना निर्माण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी., फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो।यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ।यसका केही उदाहरणहरु यस प्रकार रहेका छन्:

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ६९२ | सडक बत्ती बिस्तार तथा मर्मत उ.स. दमक-१ | बिद्युत मर्मत तथा बिस्तार | ६००००० |
| ४९४ | भतुरे खोला पक्की कल्भर्ट निर्माण उ.स. दमक-४ | कल्भर्ट निर्माण | १४२२८३२ |
| २२० | रामचन्द्र मिलको दक्षिण होलीमा कल्भर्ट निर्माण उ.स. दमक ७ | कल्भर्ट निर्माण | ११६८५७४ |
| २३७ | बसन्त टोलमा कल्भर्ट निर्माण दमक ८ | कल्भर्ट निर्माण | १०००००० |
| **जम्मा** | | | **४१९१४०६.००** |

| सैद्धान्तिक बेरुजु |
|---|

## ७४ रित पूर्बकको कर बिजक

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । रितपूर्वकको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर रु. ६८४७८।४० समेत रु. ५९५२३५।९० सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसायिले रितपूर्वकको कर बिजक वेगर भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | कर विजकको अवस्था | भुक्तानी रकम | मुअकर कर रकम |
|---|---|---|---|---|---|
| ९६ | नेपाल गृह उद्योग दमक झापा | ३०३५४९४२० | केरमेट गरी पुनः प्रिन्ट भएको ८४ | ३४९४८३।५० | ४०२०६।०० |
| १८२ | नेपाल गृह उद्योग दमक झापा | ३०३५४९४२० | केरमेट गरी पुनः प्रिन्ट भएको ९० | २४५७५२।४० | २८२७२।४० |
| **जम्मा** | | | | **५९५२३५।९०** | **६८४७८।४०** |

| प्रमाण पेश नगरेको | ६८,४७८ |
|---|---|

## ७५ दर बिश्लेषण फरक राखी बढी भुक्तानी

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउने कार्यविधि सम्बन्धि व्यबस्था रहेको छ । नगरपालिकाले उपभोक्ता समिति मार्फत हुने काममा लागत अनुमान तयार गर्दा सडक बिभागको Section 1200 को Ref. to ss. 1201 को providing and lyaing Granular sub-base Matrial By Mechanical Means को नम्स राखी दर बिश्लेषण गर्नुपर्नेमा सो भन्दा बढी नम्स राखी दर बिश्लेषण भएको हुदा बढी दर भुक्तानी भएको निम्न योजनाहरुमा(नमुना छनौटका रुपमा हेरिएको) देखिन्छ।यसरी दर बिश्लेषणमा फरक पारि बढी भुक्तानी भएको रकम रु. २७२९८५।०० सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| योजना | उपभोक्ता समिति | लागत अनुमान | परिमाण | भुक्तानी भएको दर | भुक्तानी हुनुपर्ने दर | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| बिभिन्न ठाउमा ह्युमपाइप जडान तथा सडक स्तरोन्नती दमक-१ | वडा स्तरीय मर्मत सम्भार उ.स. दमक-१ | २२१९८२३।३७ | ७७८।२७ | १६३५।४० | १४९८।७८ | १०६३२७ |
| दिपेन्द्र टोल र प्रगति टोलको दिपेनी खोलामा रिटेनिङ्ग वाल निर्माण तथा सौन्दर्यकरण दमक-९ | दिपेन्द्र टोल र प्रगति टोलको दिपेनी खोलामा रिटेनिङ्ग वाल निर्माण तथा सौन्दर्यकरण दमक-९ | ८५४३७८।८१ | ४५२।२९ | १६३५।४० | १४९८।७८ | ६१७९१ |
| सरस्वती मार्गग ढल तथा इन्टरलक दमक-८ | सरस्वती मार्गग ढल तथा इन्टरलक दमक-८ उ.स. | १२५१३४४।७१ | ४३।२० | १६३५।४० | १४९८।७८ | ५९०१ |
| मानवधर्म टोलमा पक्की ढल र ग्रावेल बाटो निर्माण दमक-७ | मानवधर्म टोलमा पक्की ढल र ग्रावेल बाटो निर्माण उपभोक्ता समिति दमक-७ | २४८७०९७।४७ | १३९।४० | १६३५।४० | १४९८।७८ | १९०४४ |
| मर्मत सम्भार दमक-१० | सडक मर्मत तथा ग्राभेल उ.स. दमक-१० | १२८६७०९ | ५८५ | १६३५।४० | १४९८।७८ | ७९९२२ |
| **जम्मा** | | | | | | **२७२९८५** |
| | | | | | असुल गर्नुपर्ने | २,७२,९८५ |

७६ **उपभोक्ता समितिको काममा मुअकर वढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा रनिङ विलको आधारमा रकम भुक्तानी गर्नुपर्ने उल्लेख छ भने नियम ९७ मा उपभोक्ता समितिले खर्चका विल भर्पाइ पेश गर्नुपर्ने उल्लेख छ ।कार्यालयले विभिन्न कामको लागि दर विश्लेषण गर्दा सिमेन्ट आइटममा जिल्ला दररेट रु.८२५।००(ओ.पि.सी सिमेन्ट) मा मु.अ.कर जोडी रु.९३२।२५ कायम गरी भुक्तानी गरेको तर विजक कम भएको अवस्थामा समेत सवै रकम भुक्तानी भएको छ। यस सम्वन्धमा छलफल गर्दा उपभोक्ता समितिले कम दरको विजक पेश गर्ने गरेको कार्यालयले जनाएको छ। तर कम दरको विजक पेश गर्दा रकम सवै भुक्तानी हुने तर राज्यलाइ वुझाउनुपर्ने करमा कमी आउने हुँदा यस्तो प्रकारको न्युन विजकीकरण मार्फत कर छली लाइ कार्यालयले समेत नियन्त्रण गर्नुपर्ने देखिन्छ। अतः वढी दर लाग्ने गरी विश्लेषण गरी भुक्तानी गर्ने तर कम विजक पेश गर्नेको फरक मुअकर रकम रु.४३२१७।०० (नमुना छनोटको रुपमा हेरीएका केही योजना) असुल गर्नुपर्ने देखिएको रु .

| भौ नं | योजनाको नाम तथा विवरण | कार्यालयले भुक्तानी गरेको दर (मुअकर समेत) | पेश भएको विजक अनुसारको दर (मुअकर समेत) | प्रयोगमा आएको परिमाण(सिमेन्ट) | वढी भुक्तानी भएको रकम | वढी मु अ कर भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| २२४ | झिगु समाज दमक-७\उपभोक्ता समिति | ९३२।२५ | ६९४।९५ | २६५ बोरा | ६२८८४। ५० | ७२३४। ५० |
| २७९ | तिलक राईको घर देखि पश्चिमबाट दक्षिण डिपु ताराबारी जोड्ने बाटोमा ड्रेन निर्माण दमक-२ उ.स. | ९३२।२५ | ६५७।६६ | २९४ बोरा | ८०७२९। ४६ | ९२८७। ४७ |
| ६६७ | कन्काई मार्ग नाला तथा ग्राभेल\उपभोक्ता समिति दमक-१ | ९३२।२५ | ६७१।२२ | ८८९ बोरा | २३२०५५। ६७ | २६६९६। ६७ |
| जम्मा | | | | | ३७५६६९ | ४३२१७ |
| | | | | | असुल गर्नुपर्ने | ४३,२१८.६४ |

७७ **नगर विकास कोष ऋण**

सम्झौता अनुसार नगर विकास कोषबाट पालिकालाई ऋण रकम रु. ००० मध्ये हालसम्म रु ००० प्राप्त भएको छ भने यस आर्थिक वर्षमा आन्तरिक ऋणको व्याज रकम रु. भुक्तानी गरेको छ । दमक सपिङ्ग कम्पलेक्स भवन निर्माणका लागि नगर विकास कोष संग ऋण सम्झौतागरी निर्माण व्यवसायीको विल बमोजिम निकासा गरेको ऋण रकम रु को व्याज वापतको रु फिर्ता गर्नुपर्ने देखिएकोमा फिर्ता गरेको देखिएन ।पालिकाले ऋणको साँवा र व्याज भुक्तानीसम्बन्धी अभिलेख व्यवस्थितरुपमा राखेको देखिएन । ऋणबाट निर्माण हुने भवन उच्च अदालतले तत्काल निर्माण नगर्न समेत आदेश दिएकोले ऋण सदुपयोग गरी अपेक्षित प्रतिफल हासिल हुने देखिएन । सम्झौता वमोजिम संचालन हुनपर्ने आयोजना संचालन हुन नसकेको तथा सम्झौता कार्यान्वयन प्रभावकारी नभएकोले पालिकाको ऋण उपयोग क्षमता न्युन देखिन्छ । मिति २०७९ पौषमा सम्झौता भएपनी उल्लेखित ऋण रकम कहिले सम्म लिईसक्नु पर्ने हो र कति अवधी भित्र परियोजना निमार्ण तथा संचालन हुनुपर्न हो सम्झौतामा उल्लेख गरिएको छैन । जसले गर्दा परियोजन आशिंक रुपमा मात्र कार्यान्वयन भएकोले ऋण सम्झौता मागमा आधारित र वस्तुपरक देखिएन । आगामी दिनमा ऋणको साँवा तोकिएको समयमा फिर्ता गर्ने, निर्मित भवनको प्रयोजनमा मात्र ऋण उपयोग गर्ने तथा दिर्घकालमा आर्थिक आय वृद्धि हुने कामका लागि मात्र ऋण लिनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७८ **अर्गानिक कृषि बजार भवनको उपयोग**

निर्माण सम्पन्न भएका भौतिक संरचनाको उपयोग हुनुपर्दछ । पालिकाको अर्गानिक कृषि बजार निर्माणमा नगरपालिकाले आ.व.२०७८-०७९ मा गरेको खर्च सोधभर्ना तथा बाँकी रकम खर्च समेत रु यस वर्ष रु १६९५४६६३ ।०० समेतमा सम्पन्न गरेकोमा उक्त अर्गानिक कृषि बजार भवन हालसम्म सञ्चालनमा आएको देखिएन । निर्मित भवनको उचित उपयोग गर्नुपर्दछ । राजमार्गको छेउमा विभिन्न तरकारी बजार संञ्चालन रहेको अवस्थामा वडा नं ड मा नयाँ अर्गानिक कृषि बजार भवन निर्माण गरी सञ्चालनमा ल्याई प्रयोग नगर्नु औचित्यपर्ण देखिएन ।

सैद्धान्तिक बेरुजु

७९ **मोविलाइजेशन पेश्की**

दमक सपिङ्ग कम्पलेक्स भवन निर्माणका लागि निर्माण व्यवसायी नव शिर्जनशिल वंगलामुखि जेभि काठमाण्डौसंग रु ४३,२४,१६,६४४।८८ (मूल्य अभिवृद्धी कर समेत) मा २४ महिना भित्र कार्य सम्पन्न गर्नेगरी २०७९।९।२५ मा भवन निर्माणको सम्झौता गरेकोमा निर्माण स्थलमा जग्गा विवादका कारण तथा २०८०।४।१७।को कीशी उच्च अदालतले तत्काल निर्माण नगर्न समेत

आदेश दिएकोले निर्माण कार्य शुरु हुन सकेको देखिएन । निर्माण स्थलको सुनिश्चितता वेगर ठेक्का सम्झौता गर्नेलाई जिम्मेवार वनाउनु पर्दछ ।

मोविलाइजेशन पेश्कीको प्रयोग- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ वमोजिम निर्माण व्यवसायिलाई सार्वजनिक खरिद ऐनको दफा ५२क को अधिनमा रही खरिद सम्झौतामा व्यवस्था भए वमोजिम पेश्की दिनसक्ने व्यवस्था छ साथै यस नियम वमोजिम दिएको पेश्की रकम जम्मा भएको वैङ्क खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण निर्माण व्यवसायिले सार्वजनिक निकायलाई नियमित रुपमा उपलब्ध गराउनुपर्ने व्यवस्था छ। पालिकाले सम्झौतामा उल्लेखित व्यवस्था अनुसार सम्झौता भए पश्चात ५ प्रतिशत तथा १० प्रतिशत भौतिक प्रगति भए पश्चात वाँकी ५ प्रतिशत मोविलाईजेशन पेश्की उपलब्ध गराउनुपर्नेमा गतबर्ष एकमुष्ठ रु १,९०,४९,४१०।०० पेश्की उपलब्ध गराएको देखियो। सो मोविलाईजेशन पेश्कीको प्रयोगका सम्वन्धमा निर्माण व्यवसायिले वैङ्कको विवरण तथा खर्चको हिसाव पेश गरेको छैन। निर्माण व्यवसायिले हालसम्म मोविलाइजेशन पेश्की रकम वरावरको भौतिक कार्य समेत गरेको नदेखिएको अदालती कारवाही पुरा नहुन्जेल सम्मको लागि दिईएको पेश्की असुल फस्योंट गर्नुपर्ने देखिन्छ ।

| | |
|---|---|
| पेश्की | १,९०,४९,४१० |

८० **Standard Bid Document बेगर बोलपत्रबाट खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि त्यस सम्बन्धी स्पेसिफिकेशन तथा अन्य विवरणहरु तयार गर्नु पर्ने व्यवस्था रहेको र दफा ५क. मा दफा ४ बमोजिमको विवरण स्वीकृत गर्नु पर्ने व्यवस्था रहेको छ । स्वीकृत स्पेसिफिकेशनको अधिनमा रही सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ बमोजिम लागत अनुमान तयार गरी नियम १४ बमोजिम सो लागत अनुमान अधिकार प्राप्त अधिकारीबाट स्वीकृत हुनुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४७ बमोजिम बोलपत्र आह्वान गर्नु अघि बोलपत्र सम्बन्धी कागजात सम्बन्धित सार्वजनिक निकायले तयार गरी स्वीकृत गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले बोलपत्र ठेक्काको उल्लेखित व्यवस्थाहरुको पुर्ण पालना नगरी ठेक्का व्यवस्थान गरेको पाईयो । सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको नमुना बोलपत्र सम्बन्धी कागजातको आधारमा Standard Bid Document तयार गरी स्वीकृत गरेरमात्र बोलपत्र आह्वान गरी सोही आधारमा खरिद सम्झौता गर्नु पर्नेमा सो नगरी र २ पाने कागजात तयार गरी खरिद सम्झौता गर्दा खरिदको कार्यान्वियनमा जटिलता देखिएमा दोस्रो पक्षलाई जिम्मेवार वनाउन नसकिने हुन्छ । पालिकाले ठेक्का व्यवस्थापनमा आवश्यक ज्ञान भएको सक्षम कर्मचारीको परिचालन गरी सार्वजनिक खरिद ऐन, नियमावलीको अक्षरश पालना गरेर खरिद कार्य गर्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८१ **परामर्स तथा डीपी आर खर्च**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| **कार्य विवरण** | **परामर्शदाता** | **स्वीकृत रकम** | **खर्च रकम** | **अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत** |
|---|---|---|---|---|
| पशुपति आ.बि. दमक-१० | एन्जेलिना कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ५००००० | ४५०००० | **उपलब्ध नगराएको** |
| **पालिकाले अन्य विवरण उपलब्ध नगराएको** | | | | |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन।डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

सैद्धान्तिक बेरुजु

८२ **बिमा तथा गुणस्तर परीक्षण बेगर भुक्तानी**

कार्यालयले कार्यान्वयन गरेको निम्न निर्माण ठेक्काहरुमा PS Item अन्तर्गत निर्माण सामाग्री तथा कामदारको बिमा, Quality Test लगायतको आईटमहरु समाबेश गरी खरिद सम्झौता गरेको र आयोजना शुरु अगाबै बिमा गर्नु पर्ने र कार्यसम्पन्न पश्चात अनिवार्य Quality Test को प्रतिवेदन पेश पश्चातमात्र भुक्तानी गर्नु पर्नेमा निर्माण व्यवसायीले PS Item मा खर्च नगरेको भनि सो बाहेकको कार्यको मूल्याङ्कन गरी फाइनल विल भुक्तानी भएको छ । कार्यालयले भूक्तानीको आधारमा मात्र कामदारको सुरक्षासँग जोडिएको बिमा र निर्माणको गुणस्तर आश्वस्ततासँग सम्बन्धी गुणस्तर परीक्षण प्रतिवेदन बेगर फाइनल बिल निर्माण कार्यसम्पन्न गर्नु उचित देखिएन । कार्यालय यस तर्फ गम्भिर हुनु पर्दछ । केही उदाहरणः

| **योजनाको नाम** | **निर्माण व्यबसायी** | **शुरु सम्झौता अनुसारको PS Item को रकम** | **निर्माण व्यवासायलाई भूक्तानी** |
|---|---|---|---|
| एम.जे. मार्ग ढल लकिङ्ग टाइल्स दमक-१ | सम्बन्ध कन्स्ट्रक्सन प्रा.ली. दमक-१ | ५००००।०० | नभएको |
| सडक ग्राभेल दमक-८ | प्रविन निर्माण सेवा | ५००००।०० | नभएको |
| शहिद बनबाटिका घेराबार कार्य दमक-२ | सम्बन्ध कन्ट्रक्सन प्रा ली दमक | १०००००।०० | नभएको |
| इन्द्रेणी ताल सँरक्षण दमक-१० | अग्नि एण्ड सन्स निर्माण सेवा प्रा.ली. दमक | १०००००।०० | नभएको |
| सृजनशिल मार्ग ढल निर्माण दमक-२ | बान्तावा निर्माण सेवा दमक-५ | ५००००।०० | नभएको |
| बिभिन्न सडकहरु ग्राभेल आयोजना दमक-३ | पुर्वाञ्चल कन्स्ट्रक्सन लेखनाथ चोक | ५००००।०० | नभएको |

सैद्धान्तिक बेरुजु

८३ **नम्स फरक राखी दर बिश्लेषण**

नगरपालिका पुजीगत- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउने कार्यविधि सम्बन्धि व्यबस्था रहेको छ । नगरपालिकाले उपभोक्ता समिति मार्फत हुने काममा लागत अनुमान तयार गर्दा भवन सम्बन्धी काममा भवनको नम्स र बाटो सम्बन्धी काममा सडकको नम्स प्रयोग गरी दर बिश्लेषण गर्नुपर्नेमा निम्न योजनाहरुको सडकको काममा भवनको नम्स प्रयोग गरी दर बिश्लेषण गर्दा बढी लागत अनुमान तयार भई सोही अनुसार भुक्तानी भएको छ ।नम्स फरक राखी बढी भुक्तानी भएकोले(नमुना छनौटका रुपमा हेरिएका योजनाहरु) रकम रु.३७२७९।०० सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| योजना तथा उ.स. | कामको विवरण | भवनको दर बिश्लेषण | सडकको दर बिश्लेषण | फरक दर | परिमाण | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| आधारभुत स्वास्थ्य केन्द्र देखि गाइडबाँध जाने सडक कल्भर्ट निर्माण\सयपत्री टोल बाटो निर्माण उ.स.दमक-७ | Supplying and laying steel reinforcement including cutting, bending and binding with binding wire as per drawing and specification complete work | 132 | 128.42 | 3.58 | 469.30 | 1680 |
| चिया बगान अडियामहल सडक स्तरोन्नती\ निर्माण उपभोक्ता समिति दमक-४ | Supplying and laying steel reinforcement including cutting, bending and binding with binding wire as per drawing and specification complete work | 132.57 | 128.42 | 4.15 | 1631.65 | 6771 |
| बुद्ध चोक देखि सरस्वती मा.बि.सम्म फुटपाथ सहित रेलिङ्ग निर्माण\उ.स. दमक-९ | Supplying and laying steel reinforcement including cutting, bending and binding with binding wire as per drawing and specification complete work | 132.57 | 128.42 | 4.15 | 2502.76 | 10386 |
| सल्याब निर्माण\नबिन मार्ग निर्माण उ.स. दमक-५ | Supplying and laying steel reinforcement including cutting, bending and binding with binding wire as per drawing and specification complete work | 132.57 | 128.42 | 4.15 | 4444.04 | 18442 |
| जम्मा | | | | | | ३७२७९ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३७,२७९ |

## ८४ पुर्वनिर्धारित क्षतिपुर्ती तथा भेरिएसन(इन्द्रेणी ताल सँरक्षण निर्माण)

८४.१ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२१ मा खरिद सम्झौतामा तोकिएको म्यादभित्र कार्य सम्पन्न नगरेमा पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ ।इन्द्रेणी ताल सँरक्षण दमक-१० कार्यका लागि अग्नि एण्ड सन्स निर्माण सेवा प्रा.ली. दमकसँग निर्माण तथा मर्मत सम्भार कार्यको लागि रु.१,१३,७१,२९१।८३ मिति २०७८।२।११ सम्झौता गरी २०७८।१०।१५ मा सम्पन्न गर्ने गरी सम्झौता गरेकोमा सो समय काम सम्पन्न नभई पुनः २०७९ अषाढ मसान्तसम्म म्याद थप गरेकोमा म्याद थप पश्चात पनि तोकिएको म्यादभन्दा ६ महिना ११ दिन(अन्तिम Measurement sheet २०७९।९।११स्वीकृत गरेको) ढिलाइ गरी कार्य सम्पन्न भएको देखियो । खरिद सम्झौताको शर्तअनुसार तोकिएको समयमा कार्य गर्न नसकेको मनासिब माफिकको कारण खुलाई म्याद थप गरेको छैन । खरिद सम्झौताको पालना नगरी ढिलाई गरी कार्य गर्ने आपूर्तक तथा निर्माण व्यवसायीबाट सम्झौता रकमको १० प्रतिशत रु. ११३७१२९।०० पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,३७,१२९ |

८४.२ नगरपालिका पुजीगत भेरियसनः - ठेक्का नं. DMO/Jhapa/Taal/33/077-78 सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पुर्वानुमान गर्न नसकिने परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई देहाय बमोजिमको अधिकारीले तोकिएको कार्यविधि अपनाई भेरिएन आदेश जारी गर्न सक्ने उल्लेख छ ।इन्द्रेणी ताल सँरक्षण निर्माणका लागि अग्नि एण्ड सन्स निर्माण सेवा प्रा.ली.सँग सम्झौता बमोजिम BOQ no.13 मा Steel work for Bally bridge structure works, supplying, placing, bending, Fabrication ISMC 100 with prime coat all complete as per drawing, specification and instruction of site engineer को दर ५००।०० र क्वान्टिटी १७५४।५० राखी सम्झौता भएकोमा कार्यसम्पन्न बिलमा क्वान्टिटी २८१४।९५ बमोजिम रकम भुक्तानी भएको छ । उक्त आइटममा सम्झौता भन्दा ६० प्रतिशत बढी कार्य भई भुक्तानी भएकोमा सोको स्पष्ट कारण खुलाई भेरिएन आदेश जारी गरेको देखिएन ।भेरिएसन आदेश जारी बेगर बढी कार्य(१०६०।४५ क्वान्टिटी) गरी भुक्तानी भएको रकम रु.५९९२०५।००(भ्याट सहित) अनियमित देखिएको रु.

| अनियमित भएको | ५,९९,२०५ |
|---|---|

८५ **पुर्वनिर्धारित क्षतिपुर्ति**

नगरपालिका पुजीगत पूर्वनिर्धारित क्षतिपूर्ति – सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२१ मा खरिद सम्झौतामा तोकिएको म्यादभित्र कार्य सम्पन्न नगरेमा पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ ।सृजनशिल मार्ग ढल निर्माण कार्यका लागि बान्तावा निर्माण सेवा दमक-५ सँग निर्माण तथा मर्मत सम्भार कार्यको लागि रु.५०२६००६।८९ मिति २०७८।९।१५ सम्झौता गरी २०७९।२।३१ मा सम्पन्न गर्ने गरी सम्झौता गरेकोमा सो समयसम्म काम सम्पन्न नभई तोकिएको म्यादभन्दा २३ दिन ढिलाइ गरी कार्य सम्पन्न भएको देखियो । खरिद सम्झौताको शर्तअनुसार तोकिएको समयमा कार्य गर्न नसकेको मनासिब माफिकको कारण खुलाई म्याद थप गरेको छैन । खरिद सम्झौताको पालना नगरी ढिलाई गरी कार्य गर्ने आपूर्तक तथा निर्माण व्यवसायीबाट सम्झौता रकमको ०.०५ प्रतिशत २३ दिनको रु. ५७७९९।०० पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ५७,७९९ |
|---|---|

८६ **उपभोक्ता समितिलाई बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाचँ र मूल्यांकनको आधारमा भुक्तानी दिनुपर्ने व्यबस्था रहेको छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अँश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने छ ।नमुना छनौटको रुपमा हेरिदा नगरपालिकाले उपभोक्ता समिति मार्फत कार्य गराउदा कार्य सम्पादन मुँल्याकन पश्चात खुद भुक्तानी गर्नुपर्ने रकम भन्दा बढी रकम रु.२३०३०२।०० उपभोक्ता समितिलाई भुक्तानी भएको हुँदा बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

| गो भा न | उपभोक्ता समिति तथा योजना | लागत अनुमान (उ.स.अँश समेत) | मुल्याँकन | भुक्तानी भएको | भुक्तानी हुनुपर्ने | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| ५ | वडा कार्यालय जाने बाटो तथा जमिन पुराई दमक-३\ उपभोक्ता समिति | २५८२००० | २३२५७९३ | २१७०१४९ | २०२६९२८ | १४३२२० |
| १२८ | गजुरमुखी मार्ग तथा बँगैचा मार्गमा लकिङ्ग टाइल्स लगाई सडक निर्माण कार्य दमक-७\ उपभोक्ता समिति | ३९८७५६ | ३३१०५२ | ३४१२५० | २९०५७४ | ५०६७५ |
| २०० | सृजना टोल र सँरक्षण टोल रातेहोलीमा कल्भर्ट निर्माण दमक-७\उपभोक्ता समिति | ९८१४०७ | ९४६७८५ | ७८०००० | ७७१८१९ | ८१८० |
| २०१ | पशुहाट ग्यारेज मर्मत सम्भार दमक-७\उ.स. | ३२२१२६ | २३६६०५ | २३४००० | २२०३७३ | १३६२६ |
| २७० | भावना टोलमा कल्भर्ट मर्मत दमक-१०\उ.स. | ३३१७५७ | ३०७३०८ | २९२५०० | २७७८९८ | १४६०१ |
| **जम्मा** | | | | | | २३०३०२ |

| असुल गर्नुपर्ने | २,३०,३०२ |
|---|---|

८७ **ह्युमपाइप खरिद**

नगरपालिका पुजीगत गो.भा. १०- वडा कार्यालयको माग अनुसार लागत अनुमान तयार गरी पत्रिकामा दररेट राखी सुचना निकालेका उद्योग प्रा.ली.बाट कोटेशनका आधारमा न्युनतम कोटेशन पेश गर्ने माँ दुर्गा कँकृट उद्योग प्रा.ली. कन्काई-८ बाट बिभिन्न साइजका १५० थान ह्युमपाइप रु.२१६२८७०।००(भ्याट सहित) पालिकाले खरिद गरेको छ ।उक्त ह्युमपाइप निम्न वडा कार्यालयलाई वितरण गरी कार्यसम्पन्न तयार गरेको छ ।कार्यसम्पन्न तथा मेजरमेन्ट बुकमा उक्त ह्युमपाइप कहा-कहा प्रयोग भएको सो विवरण केही खुलेको

देखिएन तर्सथ उक्त ह्युमपाइप कुन-कुन स्थानमा, कहा-कहा र कसरी जडान गरिएको हो सो विवरण खुल्ने प्रमाणित मेजरमेन्ट तथा सम्पन्न प्रतिवेदन सहितको प्रमाण पेश गर्नुपर्ने रु.

| वडा न | NP3 30CM थान | NP3 45CM थान | NP3 60 CM थान | NP3 90 CM थान | वडागत जम्मा |
|---|---|---|---|---|---|
| १ | ६ | - | ६ | २ | १४ |
| २ | १३ | १० | १४ | २ | ३९ |
| ३ | ४ | ४ | ३ | ३ | १४ |
| ४ | ६ | ८ | २ | - | १६ |
| ५ | ४ | ४ | ४ | - | १२ |
| ७ | १ | - | १ | ८ | १० |
| ८ | - | - | १० | - | १० |
| ९ | ४ | ६ | ६ | २ | १८ |
| १० | २ | ८ | ४ | ३ | १७ |
| जम्मा | ४० | ४० | ५० | २० | १५० |

साथै गो.भा.६१२- जय श्री कँकृत उद्योग प्रा.ली. मोरङ्गबाट रु.४९५२३८।०० मा बिभिन्न साइजका ३६ थान ह्युमपाइप वडा नं.४ का लागि खरिद गरेको देखिन्छ सोको समेतउक्त ह्युमपाइप कहा-कहा प्रयोग भएको सो विवरण केही खुलेको देखिएन तर्सथ उक्त ह्युमपाइप कुन-कुन स्थानमा, कहा-कहा र कसरी जडान गरिएको हो सो विवरण खुल्ने प्रमाणित मेजरमेन्ट तथा सम्पन्न प्रतिवेदनको प्रमाण पेश गर्नुपर्ने ।

| साइज | परिमाण |
|---|---|
| ३।३०० मि.मि | १० |
| ३।४५० मि.मि | १६ |
| ३।६०० मि.मि | ६ |
| ३।९०० मि.मि | ४ |
| जम्मा | ३६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २६,५८,१०८ |

८८ **उपभोक्ता समितिबाट खरिद**

नगरपालिका पुजीगत- सार्बजनिक खरिद निययमावली, २०६४ को नियम ९७ अनुसार सामान खरिद कार्य उपभोक्ताबाट गराउन मिल्ने व्यवस्था गरेको देखिएन । खरिद कार्य सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धी बिधिबाट खरिद गर्नुपर्नेमा देहायको कार्यक्रम खरिद उपभोक्ता समितिबाट गर्नु नियमसंगत नदेखिएको रु.

| भौ.नं. | उपभोक्ता समिति तथा योजना | खरिद विवरण | रकम रु. |
|---|---|---|---|
| १०० | बिद्युतीय पोल तथा तार बिस्तार उ.स. दमक-२ | बिद्युती सामान | १९९५०० |
| ११९ | वडा समितिको कार्यालय मार्ग उ.स. दमक-४ | बिद्युती सामान | २३३३३३ |
| ११५ | बुद्ध टोल बिकास सँस्था गाँउ नगर साझेदारी उ.स. दमक-५ | बिद्युती सामान | १०१४८२ |
| १२१ | साइरन तथा सडक बत्ती खरिद उ.स. दमक-३ | बिद्युती सामान | २९७७५५ |
| १८६ | बिद्युतीय पोल तथा तार बिस्तार उ.स. दमक-२ | बिद्युती सामान | ४२००० |
| **जम्मा** | | | **८७४०७०** |

| | |
|---|---|
| अनियमित भएको | ८,७४,०७० |

८९ **सोझै खरिद\टुक्रे खरिद**

सार्वजनकि खरिद ऐन, २०६३ को दफा ८ बमोजमि प्रतिस्पर्धा सीमित नहुने गरी खरीद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनकि खरिद नियमावलीमा रु. १० लाख सम्मको खरीद कार्य सोझै, सो भन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथिको खरीद बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। तर कार्यालयले प्रचलित कानुनी व्यवस्थाको पालना नगरी एउटै प्रकृतिको कामलाई निम्नानुसार टुक्रापारी गरेको खरिद कारबाही नियमित नदेखिएको रु.

| गो.भा.न.।मिति | शिर्षक | भुक्तानीकर्ता | रकम |
|---|---|---|---|
| ८९।०७९।६।९ | मेशिनरी तथा औजार | नेशनल ट्रेडलाई भुक्तानी | १५१२४३ |
| ९७।२०७९।६।११ | मेशिनरी तथा औजार | आरम्भ कम्प्युटर प्रा.ली लाई भुक्तानी | २८३२८४ |
| ११४।०७९।७।२० | मेशिनरी तथा औजार | नेशनल ट्रेडलाई भुक्तानी | १३०००० |
| ११४।०७९।७।२० | मेशिनरी तथा औजार | पन्त ट्रेड्सलाई भुक्तानी | ८१९५६ |
| ११८।०७९।७।२७ | मेशिनरी तथा औजार | नेशनल ईलेक्ट्रोनिक्सलाई भुक्तानी | १२८०२९ |
| १८१।०७९।९।२८ | मेशिनरी तथा औजार | आरम्भ कम्प्युटर प्रा.ली लाई भुक्तानी | २८४७४८ |
| २३३।०७९।१०।११ | मेशिनरी तथा औजार | नेशनल ईलेक्ट्रोनिक्सलाई भुक्तानी | १३७७१० |
| २३४।०७९।१०।११ | मेशिनरी तथा औजार | नेशनल कम्प्युटरलाई भुक्तानी | २१४३२२ |
| २३५।०७९।१०।११ | मेशिनरी तथा औजार | नेशनल कम्प्युटरलाई भुक्तानी | ८५५४१ |
| २४१।०७९।१०।१३ | मेशिनरी तथा औजार | नेशनल कम्प्युटरलाई भुक्तानी | १७७९६५ |
| २६९।०७९।१०।२७ | मेशिनरी तथा औजार | नेशनल कम्प्युटरलाई भुक्तानी | १३८६६० |
| ३५६।०७९।१२।७ | मेशिनरी तथा औजार | नेशनल ईलेक्ट्रोनिक्सलाई भुक्तानी | २२०४६८ |
| ४१५।०८०।१।५ | मेशिनरी तथा औजार | नेशनल ईलेक्ट्रोनिक्सलाई भुक्तानी | २०४५३५ |
| ४१६।०८०।१।५ | मेशिनरी तथा औजार | अमित इम्पेक्सलाई भुक्तानी | ३७६४०३ |
| ४१८।०८०।१।५ | मेशिनरी तथा औजार | नेशनल ईलेक्ट्रोनिक्सलाई भुक्तानी | ८३९०४ |
| ५१२।०८०।२।१४ | मेशिनरी तथा औजार | नेशनल कम्प्युटरलाई भुक्तानी | ११५३७० |
| ५९३।०८०।३।१ | मेशिनरी तथा औजार | नेशनल कम्प्युटरलाई भुक्तानी | १०३१५२ |
| ५९५।०८०।३।१ | मेशिनरी तथा औजार | नेशनल ईलेक्ट्रोनिक्सलाई भुक्तानी | २३०१७९ |
| ७२५।०८०।३।२१ | मेशिनरी तथा औजार | नेशनल कम्प्युटरलाई भुक्तानी | १३६९०१ |
| **जम्मा** | | | ३२८४३७० |

| अनियमित भएको | ३२,८४,३७० |
|---|---|

९० **टुक्रा पारी खरिद**

दमक हस्पिटलः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुरी गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने र नियमावली, २०६४ को नियम ८४ मा २० लाख रुपैयासम्म भए शिलवन्दी दरभाउपत्र र सोभन्दा बढी भए नियम २१ अनुसार बोलपत्रको माध्यमबाट खरिद एवं निर्माण कार्य गराउनु पर्ने उल्लेख छ।नगरपालिकाले खरिद सम्बन्धि कार्य पटक पटक गरी देहाय बमोजिम सिधै खरिद गरेको देखिएको छ। ऐनको प्रावधान कार्यान्वियन नगरी टुक्रा पारी खरिद गर्ने कार्य देखिएकोले यस्तो खर्च नियन्त्रण गरी सार्वजनिक खरिद नियमावली वमोजिम खरिद गरिनुपर्दछ।

| भौ.नं. मिति | फर्मको नाम | विवरण | रकम |
|---|---|---|---|
| ६-८।१४ | दमक ग्रिल उद्योग | ट्रस निर्माण | ८१९२७५ |
| ७५-११।१४ | फाल्गुनन्द विजुली पसल | फलामको ग्रिल | ८३०८७५ |
| १२२-१।२९ | शेखर इन्जिनियरीङ्ग एण्ड विल्डर्स | ट्रस तथा रेलिङ्ग निर्माण | ८०७५५४ |
| जम्मा | | | २४५७७०४ |

| अनियमित भएको | २४,५७,७०४ |
|---|---|

९१ **टुक्रा पारी खरिद**

न.पा. चालुः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुरी गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने र नियमावली, २०६४ को नियम ८४ मा २० लाख रुपैयासम्म भए शिलवन्दी दरभाउपत्र र सोभन्दा बढी भए नियम २१ अनुसार बोलपत्रको माध्यमबाट खरिद एवं निर्माण कार्य गराउनु पर्ने उल्लेख छ।नगरपालिकाले स्टेशनरी तथा कार्यालय सामान रु १९९७६७० भ्याट सहितको लागत अनुमान तयार गरी इविड मार्फत न्युन कबोल गर्ने एचएम ट्रेर्डससंग रु १२०३५६३ भ्याट सहित खरिद गर्ने संझौता भएकोमा सो फर्मभन्दा फरक संस्था सँग खरिद सम्बन्धि कार्य पटक पटक देहाय बमोजिम सिधै खरिद गरेको देखिएको छ। ऐनको प्रावधान कार्यान्वयन नगरी टुक्रा पारी खरिद गर्ने कार्य देखिएकोले यस्तो खर्च नियन्त्रण गरी सार्वजनिक खरिद नियमावली वमोजिम बोलपत्रको माध्यामबाट खरिद गर्नु पर्ने रु १९०२६९२

**(विस्तृत विवरण बेरूजु दफा ९१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ।)**

| अनियमित भएको | १९,०२,६९२ |
|---|---|

९२ **इन्सोरेन्स रकम बढी भुक्तानी**

नगरपालिका पुजीगत गोश्वारा भौचर ५४ मा ठेक्का नं. DMO/JHAPA/ROAD/58/078-79 परमान्द मार्ग स्तोरोन्नी दमक-५ निर्माणका लागि रु.३८,७०,७७२।७९ मा एन एण्ड सि निर्माण सेवा दमक-५ सँग मिति २०७८।१२।२१ मा सँम्झौता भएको छ । सम्झौता बमोजिम बि.ओ.क्युमा इन्सोरेन्स पि.ए. आइटममा रु.५००००।०० राखिएको छ ।इन्सोरेन्स बिल रु.३८९२२।०० को प्राप्त भएको अवस्थामा समेत रु.५००००।०० भुक्तानी गरी कार्यसम्पन्न गरेको छ ।बिल बमोजिमको रकम भुक्तानी गर्नुपर्नेमा बि.ओ.क्यु मा राखिएको रकमनै भुक्तानी भएको हुँदा बढी भुक्तानी भएको रकम रु.११०७८।०० असुल हुनुपर्दछ रु.

| असुल गर्नुपर्ने | ११,०७८ |
|---|---|

९३ **फर्मा र टेकाको काम**

नगरपालिका पुजीगत- भवन निर्माण सम्बन्धी तथा सडक सम्बन्धि कामको लागत अनुमान बनाउँदा फर्मा र टेकाको काममा पालिकाले शहरी विकास तथा भवन विभागको नर्म्सको प्रयोग गरेको देखिन्छ । उक्त नर्म्सको फर्मा र टेकाको काम सम्बन्धी नर्म्स आइटम नम्बर (ङ) को ५१ख मा फर्मामा प्रयोग हुने काठ ६ पटक सम्म प्रयोग गर्न मिल्ने र २५ प्रतिशत स्क्रेप मूल्य घटाएर दररेट निर्धारण गर्नुपर्ने उल्लेख छ ।त्यसै गरी सडकको काममा भवनको नम्स प्रयोग गरी बढी दर बिश्लेषण गरी फर्मा तथा टेकाको काममा बढी दर भुक्तानी गरेको देखिन्छ । प्रचलित जिल्ला दररेट अनुसार लोकल काठको ६ पटक प्रयोग र स्क्रेप मूल्य घटाउदा प्रति वर्ग मिटर फर्माको कामको रु. ३२४।४८ हुन आउछ ।नमुना छनौटका रुपमा हेरिएको योजनाहरुमा पालिकाले देहायको योजनाहरुमा फर्मा र टेकाको काममा बढीको लागत अनुमान बनाई रु. ६३७३४०।०० बढी भुक्तानी भएको देखिन्छ यस्तो कार्य नियन्त्रण हुनुपर्दछ ।

| भौचर | योजना तथा उपभोक्ता समिति | लागत अनुमान | कामको परिमाण | राखिएको दर | भुक्तानी रकम | बढी राखिएको दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| ३४७ न.पा.पु. | चिया बगान अडियामहल सडक स्तरोन्नती निर्माण\उपभोक्ता समिति दमक-४ | ६२५०३३४ | २७०९।४८७ | ४३२।६४ | ११७२२३२ | १०८।१६ | २९३०५८ |
| ४६९ न.पा.पु. | देवकोटा चौक बाटो ढकन निर्माण\उपभोक्ता समिति दमक-६ | १३३६८२१ | २३६।६४ | ४३२।६४ | १०२३७८ | १०८।१६ | २५५९५ |
| ५०५ न.पा.पु. | कुमाल चोक उत्तरको सडकमा ढल निर्माण\उपभोक्ता समिति दमक-१ | १३०९९४८ | ६०५ | ४३२।६४ | २६१७४७ | १०८।१६ | ६५४३७ |
| ५७९ न.पा.पु. | एकता मार्ग स्तरोन्नती\उपभोक्ता समिति दमक-५ | १३०९९४८ | ४८९।१५ | ४३२।६४ | २११६२५ | १०८।१६ | ५२९०६ |
| ६०३ न.पा.पु. | शिव मार्ग ढल निर्माण\उपभोक्ता समिति दमक-८ | १५७६२१२ | ७६३।३३ | ४३२।६४ | ३३०२४७ | १०८।१६ | ८२५६१ |
| ३४ प्र.स.ह. | चिया बगान अडियामहल सडक ड्रेन निर्माण\ उपभोक्ता समिति दमक-४ | २७७७८९० | १०८८।९७३ | ४३२।६४ | ४७११३३ | १०८।१६ | ११७७८३ |
| **जम्मा** | | | | | | | **६३७३४०** |

सैद्धान्तिक बेरुजु

९४ **उपभोक्ता समितिको इकाई**

नगरपालिका पुजीगत- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३(क१)मा साठी लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समितिले गर्नुपर्ने योगदान सम्बन्धमा उल्लेख गरिएको छ । पालिकाले चिया बगान अडियामहल सडक स्तरोन्नती कार्यको लागि नगरपालिकाको तर्फबाट रु.५००००००।०० र उपभोक्ता समितिको अँश रु.१२५०३३४।५१ समेत गरी रु.६२५०३३४।५१ को लागत अनुमान तयार गरेको छ ।उक्त योजनामा प्रत्येक इकाईमा उपभोक्ता समितिको योगदान राखि सम्झौता गर्नुपर्नेमा सो नगरी समग्रमा रु.१२५०३३४।५१ योगदान देखाएको छ ।कुन कुन आइटममा कति कति योगदान गर्ने भनी इकाईगत सम्झौता गर्नुपर्नेमा सो नगरेको हुँदा नियमको पालना गरेको देखिएन ।

सैद्धान्तिक बेरुजु

९५ **संझौता बमोजिम खरिद नगरेको**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ६को ग मा खरिद संझौता कार्यान्वयन गर्दा सारभूत त्रुटी गरेको वा संझौता अनुरुपको दायित्व सारभूतरुपमा पालना नगरेको वा खरिद संझौता बमोजिमको कार्य सो संझौता बमोजिमको गुणस्तर नभएको कुरा प्रमाणीत भएमा कालो सूचिमा राख्न सकिने उल्लेख छ ।एच एम टेर्डस ले संझौता बमोजिमको बढी दररेट हालेको स्टशनरीको सामान मात्र उपलव्ध गराएको तर घटी दररेट हालेको आइटमको सामान उपलब्ध गराएको पाइएन ।कार्यालयले पनि घटी रेटका सामनहरुको खरिद आदेश दिएको पाइएन । संझौता बमोजिमको सामान सप्लाई नगर्ने फर्मलाई कारवाही गरको पाइएन । संझौता वमोजिम खरिद कार्य नभएको अनियमित देखिएको रु

**(विस्तृत विवरण बेरूजु दफा ९५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| प्रमाण पेश नगरेको | २,०७,०५० |
|---|---|

९६ **विरुवा उत्पादन** (३८-२०७९-५-१०):

३८-५।१० सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९९ को (१)मा ऐनको दफा ४६ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको

कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नु पर्ने उल्लेख छ भने उपनियम (२) मा सार्वजनिक निकायले दश लाख रुपैयाँसम्मको काम गराउनको लागि त्यस्तो काम गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्थालाई कम्तीमा पन्ध्र दिनको अवधि दिई राष्ट्रियस्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी सो संस्थाबाट प्रस्ताव माग गर्नु पर्नेछ ।कार्यालयले विभिन्न जातका लटर, अमला, इपिल. मसला. टाँकी. वेल, गार्डेन सिरिस लगायतका ७५००० थान विरुवा रु ८००००० लाखमा उत्पादन गर्ने मिति २०७८।११।१२ मा संझौता भइ गतको भुक्तानी बाँकी विवरण अनुसार यस वर्ष नर्सरी निमार्ण उपभोक्ता समितिलाई रु ६००००० भुक्तानी भएको पाइयो।खरिद ऐन तथा नियमावलीको प्रावधान अनुसार सूचना प्रकाशन गरी प्रस्ताव माग गरी खरिद कार्य गरेको पाइएन ।विरुवा उत्पादन नितान्त प्राविधिक विषय भएकोमा सो संस्थाको कार्य अनुभव तथा जनशक्तिको विश्लेषण गरेको पाइएन ।सरकारी निकायबाट निशुल्क रुपमा वितरण हुने विरुवा प्राप्त गर्न प्रयास नगरी संस्थालाई विरुवा उत्पादन गर्नु दिनु उपयुक्त देखिदैन ।७५ हजार विरुवा उत्पादन गरी २६००० वितरण गरी ४९००० विरुवा मौज्दात रहेको पाइयो ।उत्पादन गरी वितरण गरिएका विरुवा रोपणको अवस्थाका वारेमा अनुगमनको प्रतिवेदन पेश गरेको पाइएन ।अत नियम विपरित खरिद कार्य गरेको नियम सम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ६,००,००० |

## ९७ आन्तरिक लेखापरीक्षण प्रतिवेदनबाट औल्याएका व्यहोरा

९७.१ नगरपालिका चालु- गो भा न ८४६ सहकारी शाखाद्धारा सम्पत्ति शुद्धिकरण सम्बन्धि तालिमका क्रममा मापदण्डले तोके भन्दा बढिहुने गरी रकम भुक्तानी भएको।

घनेन्द्र रिजाल -प्रतिवेदन बापत रु.६००० भुक्तानि भएकोमा, बढि भुक्तानि भएको करकट्टिको पछि रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,१२५ |

९७.२ नगरपालिका चालु- विपन्न परिवारलाई स्वास्थ्य विमा गरी रकमभुक्तानि भएकोम विपन्न पहिचानको आधार र मापदण्ड अनुसार हुनुपर्नेमा वडाको सिफारिसमा भुक्तानि भएको पाइएको। विपन्नको स्पष्ट मापदण्ड बमोजिम पहिचान गरी सहि व्यक्तिले सुविधा प्राप्त गर्ने कुराको सुनिश्चितता हासिल गर्नुपर्ने देखिन्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

९७.३ नगरपालिका चालु- गो भा न ६२५ दिपिनी आ वीलाई प्रस्तावना बमोजिमको रकम भुक्तानि भएकोमा प्रस्तावनामा उल्लेखित कुराहरु पुरा भए नभएको प्रतिवेदन पेश हुनुपर्ने देखिन्छ। रु 300000

| |
|---|
| सैद्धान्तिक बेरुजु |

९७.४ नगरपालिका चालु- गो भा न ९८७।०७९।११।२१ विधायन समितिको विभिन्न समयमा बसेको बैठक बापत एकै महिनामा धेरैपटकको बैठक भत्ताको लागि पेश भई भुक्तानि हुने गरेकोले गाउँ सभा तथा नगर सभा सदस्यहरुको सुविधा मापदण्डको दफा ३ अनुसार हुनुपर्ने देखिन्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

९७.५ नगरपालिका चालु- गो भा न ११६४।०७९।१२।३० मा १०० जनाका लागि लोकसेवा तयारी कक्षा सञ्चालन गर्नका लागि सि एस सि आइ दमक संग सम्झौता भई भुक्तानी हुँदा ८६ जनाको मात्र उपस्थिति रहेको देखिएकोमा पुरै रकम भुक्तानि भएकोले अनियमित देखिएको।

सैद्धान्तिक बेरुजु

९७.६ नगरपालिका चालु- गो भा न ७४३।८८४ वडा हरुमा व्यवस्थापन खर्च मासिक रूपमा २० हजार भुक्तानी हुने गरी वजेटमा व्यवस्था गरीएकोमा वडा बाट सो भन्दा बढि खर्च दावी र भुक्तानी हुने गरेकोले सबै वडाहरुमा समान ढँगले बजेटले तोकेअनुसारको प्रशासनिक खर्च उपलब्ध गराउनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

९७.७ नगरपालिका चालु- गो भा न ८५०।०७९।१०।२५ मा वडा नं ८ मा सामाग्री खरिद भई जडान भएकोमा सामाग्री खरिदको दाखिला नरहेको।भुक्तानि पाउने राजकुमार सिंखडा रु ६०००

सैद्धान्तिक बेरुजु

९७.८ नगरपालिका चालु- गो भा न १४७३ सेफ हाउस सञ्चालनार्थ सामाग्री खरिदका लागि पेश्की माग भइ शाखा प्रमुख श्री सरीता भण्डारीलाई भुक्तानी भएकोमा सेफ हाउसमा बस्ने व्यक्तिहरुको मासिक विवरण संलग्न गरी प्रतिवेदनका आधारमा मात्र भुक्तानी हुनुपर्ने साथै खरिद सामाग्रीहरुको दररेट माग गरी सो आधारमा बार्षिक रुपमा खरिद गर्दा मितव्ययिता कायम हुने देखिन्छ।

सैद्धान्तिक बेरुजु

९७.९ नगरपालिका चालु- गो भा न १५६८ सार्वजनिक खरिद ऐन २०६३ अनुसार कुनैपनि खरिद र मर्मत कार्यको लागि विषय विज्ञ मार्फत स्पेशिफिकेशन र लागत अनुमान तयार गरी स्वीकृति पश्चात मात्र खरिद गर्न मिल्ने दखिन्छ। कार्यालयको ब्याक लोडर मर्मत गर्दा विज्ञ मार्फत लागत अनुमान पेश हुनु अघावैको मितिमा टिप्पणीमा लागत अनुमान पेश भइ स्वीकृत भएको देखिन्छ।

सैद्धान्तिक बेरुजु

९७.१० नगरपालिका चालु- गो भा न १५७७ वडा नं २को कार्यालयमा एसी खरीद भइ जडान गर्दा खरिद मुल्य रु १५५००० रहेकोमा कार्यालयमा दाखिला रु 142920 को मात्र भएकोले रु १२०८० बराबरको सामाग्री दाखिला गर्नुपर्ने

सैद्धान्तिक बेरुजु

९७.११ नगरपालिका चालु- गो भा न १६८६।०८०।३।८ अधिकार प्रत्यायोजन गर्दा आर्थिक अधिकार प्रत्यायोजन समेतको प्रत्यायोजन भएको पत्र संलग्न नरही कार्यवाहक वडाअध्यक्षमार्फत भुक्तानी सिफारिस गरेका आधारमा भुक्तानी गर्न नमिल्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

९७.१२ नगरपालिक चालु- गो भा न १८७३ मसलान्द तथा कार्यालय सामाग्री खरिद भई भुक्तानी भएकोमा खरिद भई प्राप्त सामाग्री हरुको बजारमुल्यभन्दा उच्च दर रहनुको साथै कार्यलयमा सामाग्री दाखिलाको प्रमाण पेश नभएको। खरिद मुल्यमा मितव्ययिता कायम गरी वितरणको भर्पाई समेत पेश हुनुपर्ने देखिन्छ ।

भुक्तानी पाउने - ज्ञानोदय प्रिन्टिङ्ग प्रेस"

सैद्धान्तिक बेरुजु

९७.१३ नगरपालिक चालु- गो भा न १८५५ वडा तथा नगरमा सञ्चालन हुने सिपमुलक एवंम स्वरोजगार उन्मुख बनाउने कार्यक्रमहरुको लागि सुचना प्रकाशन गरी पारदर्शि ढंगबाट सबैको पहुँच स्थापना र प्रतिस्पर्धा प्रवर्धन गर्दै मितव्ययिता हासिल हुने र उच्चतम प्रतिफल प्राप्त हुने गरी सेवा प्रदायक छनौट र कार्यक्रम सञ्चालन हुनुपर्ने देखिन्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

९७.१४ नगरपालिका पुजीगत- सटरिङ्ग भाड बापत सादा भर्पाईको आधारमा भुक्तानी भएकोमा करकट्टी १०%गर्नपर्नेमा नभएको।रु ६०००

- भुक्तानी पाउने- लक्ष्मीनारायण सेवा सदन भवन निर्माण उपभोक्ता समिति।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,००० |

९७.१५ नगरपालिका चालु- गो भा न १८८४।०८०।३।२३ वडा तथा नगरमा स्वास्थ्य विमाका लागि स्पष्ट मापदणड तयार गरी सुचना प्रकाशन गरी पारदर्शि ढंगबाट सबैको पहुँच स्थापना र मितव्ययिता हासिल हुने र लक्ष्यित बर्गमा स्वास्थ्य विमा सेवाको सुनिश्चितता गरी विमा सेवा प्रदान गर्नुपर्ने देखिन्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

९७.१६ नगरपालिका पुजीगत- गो भा न ३७७।०७९।१२।१७ दमक ६ स्थीत बसपार्क क्षेत्रमा विधुतिय सामाग्री खरिद गरी जडान भएको भनी भुक्तानी भएकोमा जडान भएको प्राविधिक प्रतिवेदन पेश हुनुपर्ने।

भुक्तानी पाउने -अमित इम्पेक्स

| |
|---|
| सैद्धान्तिक बेरुजु |

९७.१७ नगरपालिका पुजीगत- गो भा न ४३४।२०८०।२।१२ मोटर पम्प खरिद भएको विल बापद भुक्तानी भएकोमा सोको इस्टिमेट नापी किताब र कार्य सम्पन्न विलमा उल्लेख नभएको र दाखिला समेत नभएकोले दाखिला गर्नुपर्ने देखिन्छ।

भुक्तानी पाउने- श्री सींहदेवी देवस्थल दमक १०, रु २६०३५

| |
|---|
| सैद्धान्तिक बेरुजु |

९७.१८ ग्लोबल मेडील्याव एणड सर्जिकलका नाममा मेडिकल समाग्री खरिद बापद भुक्तानी भएकोमा सार्वजनिक खरिद ऐनको प्रकृया पुरा नगरी खरिद भएकोले प्रकृया पुरा गरेको कागजात,खरिद आदेश,निर्णय र प्रतिस्पर्धा झल्कने प्रमाण पेश हुनुपर्ने।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९४,७७१ |

९७.१९ नगरपालिका पुजीगत- गो भा न ६६७ कन्काइ मार्ग उ स दमक १ को नाममा भुक्तानी भएकोमा मिक्चर्स र फर्मा भाडा बापद रु ६७४८९६ भुक्तानी भएकोमा भाडाकर कट्टि 10% रकम कट्टि नभएकोले कट्टि गरी दाखिला गर्नुपर्ने।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६७,४८९ |

९७.२० दमक अस्पताल तर्फ-

1. अस्पतालमा संगठन तथा व्यवस्थापन सर्वे अनुसारको दरबन्दि र कर्मचारी व्यवस्थापन नभएकोले यथाशिघ्र सो अनुसार गरिनुपर्ने देखिन्छ।
2. अस्पतालमा इन्धन खर्चको मापदण्ड नरहेकोले मापदण्ड बनाई इन्धन खर्चलाई व्यवस्थित गरिनुपर्ने देखिन्छ।
3. विशेषज्ञ चिकित्सक तथा अस्पतालका अन्य स्वासथ्यकर्मिको आवासमा प्रयोगको लागि खरिद गरिने मालसमानहरुको खरिद र सुविधा मापदण्ड नबनाई सामाग्री खरिद भईरहेकोले मापदण्ड नबनाई गरिने खरिद नियन्त्रण गरिनुपर्छ।
4. अस्पतालमा प्रयोग हुने स्टेशनरी, फर्निचर तथा मेशिनर सामाग्रीहरु विभिन्न समयमा सोझो खरिद भएकोमा समयमा नै प्याकेजिङ्ग गरी एकमुष्ठ रुपमा बोलपत्र मार्फत खरिद गरिनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

९७.२१ सँघीय सरकार पुजीगत-

